दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ११६ | बुटवल | २०८३ बैशाख १३ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday April 26, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरून्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**

## सुकुम्वासीलाई न्यायोचित समाधान दिनुपर्छ : पोखरेल



बुटवल । नेकपा एमालेका महासचिव शंकर पोखरेलले सुकुम्वासीहरूका लागि सरकारले मानवीय व्यवहारका न्यायोचित समाधान दिन सक्नुपर्ने टिप्पणी गरेका छन् । सरकारले शनिबार बिहानबाट उपत्यकाका मुख्य सुकुमवासी बस्ती खाली गराउन थालेको छ ।

यसैबिच थापाथली आसपासका सुकुम्वासी बस्ती खाली भइसकेको छ । महासचिव पोखरेलले सामाजिक सञ्जालमार्फत् वर्षौंदेखिको बास छोड्न बाध्य भएका श्रमीकको आँखा र अनुहारमा देखिएको पीडाबोध पनि सरकारले गर्नुपर्ने उल्लेख गरेका हुन् । 'अदृष्य त्रास र आतंकको छायाँमा आदेश पालना भयो भनेर खुसी मनाउनेहरूले वर्षौंदेखिको बास छोड्न बाध्य भएका ती श्रमिकहरुको आँखा र अनुहारमा देखिएको पीडा समेत देख्न सक्नु पर्दछ,' पोखरेलले भनेका छन्-'यिनै गरिब श्रमिकहरूको हातले शहर उठ्यो, तिनकै पसिनाले सडक, बजार र बस्ती गुल्जार भए । आज उनीहरू बाध्य भएर बस्तीबाट टाढिँदै गर्दा केवल नियम पालना भएको उत्सव मनाउनु पर्याप्त होइन ।'

उनीहरूको वेदना बुझेर सम्मानजनक विकल्प दिनु सरकारको जिम्मेवारी रहेको उनको भनाइ छ । 'पूर्ववर्ती सरकारले सुकुम्वासी र अव्यवस्थित बसोबासको समस्या समाधानका लागि कानुनी जटिलता महसुस गरेर बलियो कानुन बनाई भूमि आयोगमार्फत् समाधानको प्रक्रिया अघि बढाएको थियो,' पोखरेलले भनेका छन्-'जनताको लोकप्रिय जनादेश पाएको बालेन सरकारले समस्याबाट आक्रान्त जनताको विश्वास र भरोसालाई सम्मान गर्दै अविलम्ब मानवीय व्यवहारका साथ न्यायोचित समाधान दिनु पर्दछ ।'

उनले विश्वास टुटेका मानिसहरुको विद्रोह कति विस्फोटक हुन्छ भन्ने कुरा बताइराख्न नपर्ने पनि बताएका छन् । 'विश्वास टुटेका मानिसहरूको विद्रोह कति विस्फोटक हुन्छ भन्ने कुरा बताइरहनु पर्ने विषय होइन ।'- पोखरेलले भनेका छन् ।

## रास्वपा सांसद पोखरेलले मागे माफी

बुटवल । रास्वपा सांसद विश्वराज पोखरेलले चण्डेश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्तधहादुर मगरलाई दुर्व्यवहार गरेको विषयमा आलोचना भएपछि माफी मागेका छन् ।

शनिबार पोखरेलले विज्ञप्ति जारी गर्दै घटनालाई लिएर क्षमायाचना गरेका हुन् । संघीय संसदको बैठक स्थगित भएको समयमा आफ्नो निर्वाचन क्षेत्रका नागरिकसँग प्रत्यक्ष भेटघाट र समस्या बुझ्ने क्रममा बैशाख ९ गते खिजिदेम्बा गाउँपालिका-२ स्थित चण्डेश्वरी माध्यमिक विद्यालयमा पुग्दा भएको विवादका विषयमा उनले स्पष्टीकरण पनि दिएका छन् ।

सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडिओले घटनाको पूर्ण सन्दर्भ नबुझाई केही अंश मात्र काटेर प्रस्तुत गरेको उल्लेख गरिएको उनको दाबी छ ।

उनले तथ्य र सन्दर्भ अपूर्ण रूपमा प्रस्तुत हुँदा विवाद सिर्जना भएकोमा खेद प्रकट गरेका छन् । यद्यपि, सार्वजनिक जीवनमा रहँदा आफ्नो बोली, व्यवहार र संयम अझ उच्चस्तरको हुनुपर्ने कुरा स्वीकार गर्दै उनले परिस्थितिजन्य दबाबका बाबजुद आफूले थप धैर्य र मर्यादा राख्नुपर्ने बताएका छन् ।

'यस घटनाका कारण पार्टी, शुभेच्छुक, समर्थक, विद्यालय परिवार, स्थानीय समुदाय तथा आम जनसमुदायलाई ठेस पुगेकोमा म विनम्रतापूर्वक क्षमा चाहन्छु ।'- पोखरेलले भनेका छन् ।

बैशाख ९ गते गाउँमा सांसद आउने खबरले विद्यालयका प्रधानाध्यापक सन्तबहादुर मगर र अन्य कर्मचारी बिहान ७ बजे नै विद्यालय पुगिसकेका थिए । आफ्नो क्षेत्रको सांसदलाई विद्यालयका समस्याहरू लिखित रूपमै बुझाउने र भव्य स्वागत गर्ने तयारी गाउँले र विद्यालयको थियो । विद्यालय परिवारले सांसदको स्वागतका लागि कुनै कसर बाँकी राखेको थिएन । खादा, माला र कुर्सीहरू ठिक्क पारिएका थिए । स्थानीयवासी र बाजागाजाको टोली सांसदलाई स्वागत गर्न अलि पर दुधु भन्ने ठाउँसम्म पुगेका थिए । त्यहाँबाट बाजागाजासहित पोखरेललाई विद्यालय परिसरमा ल्याइयो ।

सांसद पोखरेल विद्यालय पुग्दा प्रधानाध्यापक र लेखाका कर्मचारीहरू भित्र कार्यालयमा विद्यालयका समस्या र मागहरूको सूची तयार पार्न व्यस्त थिए । उनीहरूको सोंच थियो-'माननीय आएपछि गाउँका समस्या लिखित रूपमै बुझाउनुपर्छ ।'

बाहिर विद्यालयका शिक्षक तथा सहयोगी कर्मचारीले सांसद पोखरेललाई 'बस्नुस् न' भन्दै कुर्सी अघि सारे । तर, भित्रबाट सरहरू निस्कन नपाउँदै उनी झर्किएर हिँडिहाले । 'माननीयज्यू त फर्किनुभयो' भन्ने खबर भित्र पुगेपछि हतारहतार बाहिर निस्किएका प्रधानाध्यापक सन्तबहादुर मगरले माफी माग्दै भने-'हजुर आएको थाहा पाएनौं, हामीलाई माफ गर्नुस् ।'

तर, पूर्व अतिरिक्त महानिरीक्षक एवं ओखलढुंगाबाट निर्वाचित सांसद पोखरेलले विद्यालयका प्रधानाध्यापकलाई आफू आउँदा स्वागत नगरेको भन्दै हप्काएका थिए । विद्यालय प्रशासन र स्थानीयसँगको कुराकानीका क्रममा पोखरेलले आफ्नो ओहोदा र विगतको जागिरे जीवनको धाक लगाउँदै प्रधानाध्यापकको चर्को आलोचना गरेको भिडियो भाइरल भएको छ ।

सार्वजनिक भएको भिडिओ संवादमा सांसद पोखरेलले आफू नेपाल प्रहरीको विशिष्ट श्रेणीबाट अवकाश प्राप्त व्यक्ति भएको र हाल जनताको मत जितेर आएको जिल्लाको एक नम्बर 'माननीय' भएको भन्दै आफ्नो सम्मानमा कमी भएको गुनासो गरे । उनले भने- 'म २९ वर्ष काम गरेको मान्छे हुँ, मसँग काम गर्नेहरू अहिले सचिव हुँदै छन् । म पुलिस फोर्सको विशिष्ट श्रेणीको मान्छे हो, आइजी हुन लागेको मान्छे अन्याय परेर राजनीतिमा आएको हुँ ।'

प्रधानाध्यापक कार्यकक्षबाट बाहिर निस्किएर स्वागत नगरेकोमा आक्रोशित पोखरेलले विद्यालयका शिक्षकहरूलाई बैठक बसेर 'खेद प्रस्ताव' पारित गर्न समेत दवाव दिएका थिए । उनले भनेका छन्-'तपाईंहरू शिक्षकले खेद प्रस्ताव पास गर्नुस्, अनि मात्र म तपाईंको विद्यालयमा छिर्छु। माननीय आउँदा झारपात आए जस्तो गर्ने ?'

उनले भनेको भिडिओ अहिले भाइरल भएको छ । चारैतिरबाट आलोचना भएपछि उनले माफी मागेका हुन् ।

## काठमाडौंका सुकुम्वासी बस्ती हटाउन सुरु



बुटवल । सरकारले काठमाडौंका विभिन्न सुकुम्वासी बस्ती हटाउन सुरु गरेको छ । शनिबार बिहानबाट सरकारले थापाथली, गैरीगाउँ, मनोहरालगायत नदी किनारका सुकुम्वासी बस्तीमा बनेका संरचना हटाउन सुरु गरेको हो । बस्ती हटाउने क्रममा ठूलो संख्यामा प्रहरी परिचालन गरेकाले सुकुम्वासीहरु कुनै प्रतिवाद गर्न नसकी हट्न बाध्य भएका छन् ।

सुकुम्वासी बस्ती भत्काउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र महानगर प्रहरीको संयुक्त टोली परिचालन गरिएको छ ।

सरकारले विकल्प विना दुई दिनको छोटो समय दिएर बस्ती खाली गर्न निर्देशन दिएपछि सुकुम्वासी बस्तीमा बसोबास गरेकाहरुमा आतंक सिर्जना भएको थियो । वर्षौंसम्म बसेको ठाउँबाट हट्नु पर्दा वृद्ध, महिला, बालबालिकाहरु रोएका थिए । त्यस कारुणिक दृश्यले धेरैको ध्यान खिचेको थियो ।

पहिलो दिनको बस्ती खाली गराउने काम शान्तिपूर्ण भएको प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)का राजनीतिक सल्लाहकार असिम शाहले जनाएका छन् ।

काठमाडौं उपत्यका विकास प्राधिकरणको तथ्यांकअनुसार शान्तिनगरमा ४७६, गैरीगाउँमा १६२, थापाथलीमा १४३, गोठाटारमा ७७ र मनोहरा टोलमा १३ गरी कुल ८७१ अनधिकृत घरधुरी रहेका सल्लाहकार शाहले फेसबुकमा लेखेका छन् ।

» बाँकी ३ पेजमा

### गर्भवती मृत्यु प्रकरण :

# डा. रुपाखेती निलम्बित, दुई क्लिनिक बन्द

**गर्भवतीको मृत्यु र यसमा जोडिएका तथ्यहरूलाई काउन्सिलले गम्भीर रुपमा लिएर थप अध्ययन गरी प्रतिवेदनलाई पूर्णता दिने काउन्सिलले जनाएको छ ।**






**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवलमा गर्भपतनको क्रममा पाल्पाकी २९ वर्षीया गीता पाण्डेको मृत्युको छानबिन गर्न गठित समितिले नेपाल मेडिकल काउन्सीललाई प्रारम्भिक प्रतिवेदन बुझाएको छ । तीन दिन लगाएर २६ पृष्ठको प्रारम्भिक प्रतिवेदन तयार गरिएको र अन्तिम प्रतिवेदन तयार भएपछि घटनाबारे विस्तृत विवरण आउने छ ।

छानबिन समितिका संयोजक डा. सम्राट पराजुली नेतृत्वको ६ सदस्यीय समितिले तयार गरेको प्रतिवेदनअनुसार गीताको गर्भपतनको उपचार भएका बुटवलका जोनल फार्मेसी र इन्दु लेखा स्वास्थ्य क्लिनिकलाई तत्कालका लागि बन्द गरिएको र डा. सतिष रुपाखेतीलाई बिरामी चेकजाँच गर्न नपाउने गरी निलम्बित गरिएको काउन्सिलका रजिस्ट्रार डा. सतिसकुमार देवले बताए ।

उनले गर्भवतीको मृत्यु र यसमा जोडिएका तथ्यहरुलाई काउन्सिलले गम्भीर रुपमा लिएर थप अध्ययन गरी प्रतिवेदनलाई पूर्णता दिने बताए ।

जोनल र इन्दुलेखा दुई मेडिकललाई कारबाही गरेको भएता पनि मृतकका पति प्रकाश पाण्डेले किटानी जोहरीमा परेका खत्री नर्सिङ् होमका सञ्चालक डा. डिबी खत्रीका बारेमा भने प्रतिवेदनमा केही पनि उल्लेख छैन । गर्भपतनका लागि नर्सिङ् होम र क्लिनिक गरी तीनवटा स्वास्थ्य संस्था धाउँदा धाउँदै बैशाख ६ गते गीताको ज्यान गएको थियो ।

चैत २७ गते गीता खत्री नर्सिङ् होममा जाँचका लागि गएकी थिइन् । त्यहाँ नर्सिङ् होमले गर्भको भ्रुण असामान्य छ भनी बैशाख ४ गते बोलाएका थिए । गीता बैशाख ५ गते खत्री नर्सिङ् होम गएकी थिइन् ।

तर खत्री नर्सिङ होमले गीतालाई आफ्नोमा उपचार नगरी लोकेसन म्यापसहित बुटवल अस्पताल लाइनको जोनल फार्मेसी क्लिनिकमा पठायो ।

त्यहाँ फार्मेसीले गर्भपतनको १६ हजार शुल्क लाग्छ भन्दै २ हजार एड्भान्स लिएर दुईथरि औषधी दिएर पठाएको थियो ।

जोनलबाट फेरि इन्दु लेखा क्लिनिकमा पुर्याई गर्भपतन गराउने क्रममा गीताको मृत्यु भएको थियो । ईन्दु लेखा क्लिनिकमा डा. सतिष रुपाखेतीले चेकजाँच गरेका थिए ।

पत्नीको मृत्युलाई उनका पति प्रकाशले स्वास्थ्य संस्थाहरुले उपचारको नाममा नाफा कमाउने उद्देश्य राखेर व्यापार गर्ने क्रममा हत्या गरेको आरोप लगाएका थिए । मृतकका पति प्रकाशले पत्नी गिताको मृत्युमा मुख्य दोषी आरोप लगाउँदै डाक्टर डीबी खत्री र डाक्टर सतिस रुपाखेतीसहित पाँचजनालाई पक्राउ गरी कानुनी कारबाही गर्न माग गर्दै प्रहरीमा किटानी जाहेरी दिएका थिए ।

दुई डाक्टरबाहेक सन्ध्या बस्नेत (जोनल फार्मेसी/क्लिनिक सञ्चालक), निलम घर्ती मगर (जोनल फार्मेसी), खगेन्द्रप्रसाद पाण्डे (इन्दुलेखा स्वास्थ्य क्लिनिक सञ्चालक) विरुद्ध पनि जाहेरी परेको थियो । जाहेरी दर्तापछि प्रहरीले पाँचैजनालाई पक्राउ गरेर आवश्यक अनुसन्धान गरेको थियो । पक्राउ परेकामध्ये डा. खत्री र रुपाखेती थुनामुक्त भइसकेका छन् ।

मृतकका आफन्तहरुले खत्री नर्सिङ् होम, जोनल फार्मेसी र इन्दु लेखा क्लिनिकमा तालाबन्दी गरेका थिए । मृतक गीता रक्त सञ्चार सेवा केन्द्र भैरहवाकी कर्मचारी हुन् । मृतक गीताका पति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुन् ।

## फोहोर फाल्नेलाई ५० हजारसम्म जरिवाना, फोटो बुझाउनेलाई पुरस्कार



भैरहवा । रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाले नगरको सरसफाइलाई कडाइ गर्दै सडकमा फोहोर फाल्नेमाथि चेतावनी दिएको छ । नगरपालिकाले शनिबार एक सार्वजनिक सूचना जारी गर्दै फोहोर वर्गीकरण गर्न र सडकमा जथाभावी फोहोर नफाल्न नगरवासीलाई आग्रह गरेको हो ।

पालिकाले अबदेखि कुहिने फोहोर मात्र प्रत्येक दिन संकलन गर्ने जनाएको छ । नकुहिने फोहोरको हकमा भने अर्को सूचना जारी नभएसम्मका लागि आ-आफ्नो घरमै व्यवस्थापन गर्न नगरवासीलाई अनुरोध गरिएको छ ।

नगरपालिकाले सडकमा फोहोर फाल्नेलाई ५ हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना गर्ने निर्णय गरेको छ । फोहोर नियन्त्रणका लागि नगरपालिकाले सूक्ष्म अनुगमन गरिरहेको बताउँदै सर्वसाधारणलाई समेत निगरानी गर्न आह्वान गरेको छ ।

कसैले सडकमा फोहोर फालेको देखिएमा त्यसको फोटो वा भिडियो खिचेर नगरपालिकालाई उपलब्ध गराउने व्यक्तिलाई उचित पुरस्कार दिइने नगरपालिकाले जनाएको छ । नगरपालिकाले फोटो वा भिडियो उपलब्ध गराउने व्यक्तिको विवरण नगरपालिकाले पूर्ण रूपमा गोप्य राख्ने प्रतिबद्धता समेत जनाएको छ ।

यसअघि नगरपालिकाले वडा नं. १ स्थित डण्डाखोला किनारमा अव्यवस्थित रूपमा फोहोर फाल्दै आएको थियो ।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनी

# सम्पादकीय

## त्रस्त निजी क्षेत्रलाई विश्वासमा लेऊ

सरकार बनेलगत्तै निजी क्षेत्रका अगुवाहरुलाई विभिन्न आरोप र अभियोग लगाउँदै धरपकड गरेपछि निजी क्षेत्र त्रस्त छ। व्यवसायीलाई कुनै खालको अप्ठारो हुन्न, लगानीकर्तालाई सम्मानको वातावरण हुन्छ भनेर अर्थमन्त्रीको ढाडसले ढुक्क व्यवसायीहरु सरकारको व्यवहारले रूष्ट छन् ।

विवादास्पद व्यवसायी दिपक भट्टको पक्राउपछि शंकर ग्रुपका शंकर अग्रवाल पक्राउ परे । उनको पक्राउ लगत्तै छोरा शुलभ पक्राउ परे । शंकर हाजिरी जमानीमा रिहा भए पनि शुलभ अनुसन्धानकै क्रममा थुनामा छन् । दुई दिनअघि नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष शेखर गोल्छा पक्राउ परे । उद्योग व्यवसायमा जमेका र रोजगारी श्रृजना गरेका उद्योगी व्यवसायीको पक्राउ श्रृंखलाले मुलुकमा लगानीको वातावरण बिथोलिन्छ कि भन्ने त्रास बढेको छ । व्यवसायी सरकारको निशानामा पर्दा लगानीको वातावरण बिग्रने उत्तिकै सम्भावना रहन्छ। ठूलो लगानी एकैपल्ट आउने होइन। र, यहाँ पहिलेदेखि लगानी गरी रोजगारी श्रृजना गरेका व्यवसायी पलायन हुँदा बाहिरबाट लगानी आउने विश्वास गर्न सकिन्न । कतिपय व्यवसायी व्यवसाय गर्दा कमजोरी हुनसक्छन्, ती कमजोरीप्रति उनीहरुलाई कानुनी कारबाहीबाट अलग राख्नुपर्छ भन्ने होइन । उनीहरुलाई अन्य जघन्य अपराधका अपराधीलाई झैं पक्राउ गर्ने र प्रचार गर्ने सरकारी शैलीले निजी क्षेत्रले आत्मग्लानी महशुस गरेको छ ।

आत्मग्लानी गरेको निजी क्षेत्रलाई भरोसा र विश्वास दिएर सँगै हिंडाउन पहलकदमी आवश्यक छ। केही हुन्न, ढुक्क हुनुस् भनेर भन्ने, तर छानी छानी पक्राउ गर्ने शैली कतिपयका लागि वाहीवाही होला, तर निराश निजी क्षेत्रका लागि पलायनको मार्ग फराकिलो बनाउने छ। लगानी गरेर रोजगारी श्रृजना गरेको वर्गले पलायनको बाटो रोज्यो भने मुलुक झनै अप्ठारोमा पर्छ।

व्यवसायीलाई पक्राउ गरी जघन्य अपराधीलाई झैं व्यवहार गर्ने सरकारको शैली सुधार हुनुपर्छ । कुनै व्यक्ति पक्राउ पर्ने बित्तिकै अपराधीलाई झैं व्यवहार गर्ने प्रवृत्तिमा सुधार नहुने हो भने लोकतान्त्रिक व्यवस्थामा बनेको सरकारको निरकुंश शैली प्रष्ट हुनेछ।

सरकार अनुदार बन्दा मुलुकको अर्थसामाजिक संरचना खल्बलिने छ। सबै क्षेत्र खल्बलिएपछि त्यसलाई लयमा ल्याउन कठिन हुनेछ। आशा र अपेक्षाका साथ गठन भएको सरकारले त्रास बढाएर होइन, शासन प्रणालीप्रति विश्वास र भरोसा जगाउन सक्दा मात्रै समाज लयमा अघि बढ्न सक्छ।

# बहिरा शिक्षणमा द्वैभाषावाद



**ऋषिराम देवकोटा**

बहिरा विद्यार्थीलाई सिकाइ वा विषय बोधमा द्विभाषीय पद्धतिमा हुने भाषा अनुवादले विशेष अर्थ राख्छ, किनभने साङ्केतिक भाषाको आधारमा अर्को भाषा वा अर्को भाषालाई साङ्केतिक भाषामा अनुवाद गरेर बुझ्ने क्रम यसमा हुने गर्छ । छिटो हुने सिकाइ प्रक्रिया, बुझाइमा स्पष्टता, सञ्चारमा सहजता जस्ता गुणले द्विभाषीय पद्धतिको महत्व र आवश्यकतालाई जुन कुनै पनि देशका शिक्षण संस्थाले बुझेर उपयोगमा ल्याएका छन्। यसबाट बहिरा विद्यार्थीको सिकाइमा आत्मविश्वास बढ्ने र उनीहरूको सिकाइ संस्कृतिमा टेवा पुग्ने निश्चित छ किनभने यो बहिराको शिक्षा प्राप्त गर्ने अधिकारसँग गाँसिएको विषय पनि हो।

विश्वको इतिहासमा सुनाइसम्बन्धी समस्या भएका बहिरा तथा सुस्त श्रवण व्यक्तिलाई शिक्षण सिकाइको ऐतिहासिक उद्गम समय, स्थान, प्रयोगकर्ताको नालीबेली दिन सकिएको छैन । खोज अनुसन्धानका प्रतिवेदनमा पश्चिमा विकसित देशमा १७औँ शताब्दीदेखि नै बहिरालाई साङ्केतिक भाषामा शिक्षा दिन थालिएका तथ्य पाइन्छ । अभ्यास अनुसन्धानकै क्रममा केही विवाद, केही उपलब्धि, केही द्विविधा हुँदै सन् १८८० मा आइपुग्दा 'इन्टरनेसनल कांग्रेस अन डेफ एजुकेसन' को इटलीमा भएको विश्व सम्मेलन नामक भेलाले विद्यालयमा शिक्षक र विद्यार्थी दुवैले शिक्षण सिकाइका क्रममा साङ्केतिक भाषाको प्रयोग नगर्ने प्रस्ताव पारित गरी ओठे भाषा वा मौखिक विधिमा अध्यापन गर्न सिफारिस गरेको थियो । समयक्रममा सन् १९६० मा अमेरिकाका विलियम स्टोके भन्ने व्यक्तिले साङ्केतिक भाषा पनि अन्य भाषा जस्तै भाषिक क्षमता राख्न सक्छ भनी खोजमूलक सामग्री प्रकाशन गरेर साङ्केतिक भाषालाई सबलता प्रदान गरेपछि बहिरा शिक्षणमा नयाँ उभार आएको थियो।

**द्विभाषीय पद्धति**

सुनाइसम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिको शिक्षामा पूर्ण सञ्चार विधि (साङ्केतिक भाषा, मौखिक वा ओठको भाषा, लिखित भाषा, अनुहार र शारीरिक हाउभाउ .... इत्यादि) प्रयोग हुँदै गर्दा द्विभाषीय पद्धतिको अवधारणा आएको हो। तत्कालमा द्विभाषीय पद्धति साङ्केतिक भाषाको विकल्पमा नभई सहयोगी भूमिकामा आएको थियो। वर्तमानमा बहिरा शिक्षामा सहयोगी मात्र नभई अनिवार्य आवश्यकता जस्तै भएको छ। बहिरा विद्यार्थीको सांस्कृतिक र भाषिक पहिचानको संरक्षण गर्न र उनीहरूको सञ्चार, सामाजिक समावेशीकरण र शैक्षिक प्रगति सुनिश्चित गर्न दुई वटा भाषा प्रयोग गरी शिक्षा दिने पद्धति नै द्विभाषीय पद्धति हो। यस पद्धति साङ्केतिक भाषालाई प्रमुख भाषा मानेर दोस्रो भाषाको विकासमा सहयोग पुऱ्याउने शैक्षिक रणनीति हो । बहिरा शिक्षणमा साङ्केतिक भाषा र लिखित वा मातृभाषाको संयोजन गरी शिक्षण गर्दा विद्यार्थीलाई नेपाली, अङ्ग्रेजीलगायत दोस्रो भाषामा पहुँच बढाउन सहयोग गर्छ। द्विभाषीय पद्धतिअन्तर्गत बहिरा शिक्षणमा सामान्यतया यी दुई भाषा हुन्छन् । १. साङ्केतिक भाषा : यो बहिरा विद्यार्थीको पहिलो भाषाको रूपमा प्रयोग गरिन्छ । २. लिखित भाषा : जस्तै नेपाली, अङ्ग्रेजी भाषा, यी दोस्रो भाषाको रूपमा प्रयोग गरिन्छन् ।

**अन्तर्राष्ट्रिय अभ्यास**

सन् १८औँ शताब्दीको सुरुमा अमेरिकाको भर्जिनियाको कोब्समा बहिराका लागि विद्यालय खोलिएको थियो। १८१६ मा त्यो बन्द भयो किनभने यसबेला बहिरा प्राकृतिक साङ्केतिक भाषा प्रयोग गर्थे । विद्यालयमा त्यस्ता विद्यार्थीलाई दण्डित गरिन्थ्यो। १८१७ मा अमेरिकन स्कुल फर दी डेफ सुरु गरिएको थियो र यहाँ साङ्केतिक भाषा प्रयोग गरिन्थ्यो। सन् १८औँ र १९औँ शताब्दीको सुरुसम्म धनी तथा ठुला व्यापारीले बहिरा छोराछोरीलाई शिक्षाका लागि स्कटल्यान्डको एडिनवर्गमा (१७६० मा डेफ एन्ड डमहरूका लागि खोलिएको एकेडेमी) मा पढाउँथे र त्यहाँ पनि मौखिक विधिकै प्रयोग हुन्थ्यो। सन् १८६३ मा वासिङ्टन डिसीमा ग्यालडेड कलेज स्थापना भई त्यहाँ साङ्केतिक भाषा प्रयोगमा विश्वास गरी व्यवहार गरिएको हुन्थ्यो तर यो परमेश्वरका लागि साङ्केतिक भाषामार्फत् दिमाग र आत्मा खोल्छ भनी विश्वास गर्ने समूहद्वारा गरिएको थियो।

कालान्तरमा सन् १८८० मा इटलीको मिलानमा भएको बहिरा प्रशिक्षकको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनले बहिराका लागि शिक्षणमा प्रयोग हुँदै आएको साङ्केतिक विधिलाई प्रतिबन्धित गरी मौखिक वा ओष्ठ विधिलाई सिकाइ र सञ्चारको माध्यम भाषाको रूपमा प्रयोग गर्ने निर्णय गऱ्यो । यसमा खास बहिराहरूले चित्त बुझाएनन् । उक्त निर्णयको विकल्पमा बहिराहरूले गोप्य रूपमा लेखन विधिका साथै साङ्केतिक भाषा प्रयोग गरी साञ्चारिक व्यवहार गर्दै आएका थिए। यस सत्यतालाई अमेरिकाले स्वीकार गर्दै अमेरिकाको ग्यालोडेड स्कुलमा साङ्केतिक भाषाको प्रयोग गरी शिक्षण गर्न थालेको थियो । विश्व जगत्मा यसको असरका कारण इसं १८९० देखि १९६० सम्म मिश्रित विधिमा मापदण्ड तयार गरी शिक्षण गरिएको थियो । (मिश्रित विधि भन्नाले शिक्षणमा बोलीको प्रयोगसँगै लेखाइ, हस्त वर्ण र सङ्केतको संयोजन भन्ने बुझिन्छ)।

सन् १९९१ मा जापानको टोकियोमा भएको विश्व बहिरा सङ्घको महाधिवेशनमा साङ्केतिक भाषालाई बहिराहरूको आधिकारिक भाषा मानी विकास गर्दै विश्वव्यापी बनाउनुपर्नेमा जोड दिइयो । सन् १९९३ को अगष्ट १६ देखि २० सम्म स्विडेनको स्टकहोममा बहिरा शिक्षामा द्विभाषामा आधारित विद्यालय स्तरीय विशेष पाठ्यक्रम लागु गरी साङ्केतिक भाषा र स्विडिस राष्ट्र भाषा दुवै प्रयोग गर्ने निर्धारण गरियो। यसको प्रभाव क्रमशः विश्वव्यापी बन्दै आएको छ।

बहिरा शिक्षणमा द्विभाषीय पद्धतिको ऐतिहासिक पृष्ठभूमि धेरै महत्वपूर्ण र परिवर्तनशील छ। यसको विकास विभिन्न समयमा विभिन्न शैक्षिक दृष्टिकोण, सामाजिक मान्यता र भाषिक अधिकारको आन्दोलनसँग गाँसिएको छ। समय क्रममा १९९० दशकदेखि द्विभाषीय दृष्टिकोणको उदय भयो। द्विभाषावादसँगै पूर्ण सञ्चारको मिश्रित प्रयोग भएको पाइन्छ। किनकि यसमा चासो राख्ने विभिन्न चिन्तक, बहिरा समुदाय र भाषाविद्को अभ्यास र प्रयोगले साङ्केतिक भाषा पनि पूर्ण भाषा हुन सक्छ भनेर जोड दिन थाले। सँगसँगै थप अनुसन्धानबाट पहिलो भाषाको रूपमा साङ्केतिक भाषा प्रयोग गर्दा बहिरा विद्यार्थीको सांस्कृतिक पहिचान र शैक्षिक उपलब्धि सुधार हुने तथ्यहरूका आधार पत्ता लगाए र दोस्रो भाषाका रूपमा लिखित भाषा हुने कुराको पुष्टि गरे। नेपालको सन्दर्भमा नेपाली साङ्केतिक भाषालाई पहिलो भाषा र लिखित/मौखिक भाषा जस्तै : नेपाली, अङ्ग्रेजीलाई दोस्रो भाषाको रूपमा प्रयोग गर्ने क्रम विकास हुँदै आएको छ।

**नेपालका प्रारम्भिक सिकाइ**

नेपालमा बहिरा बालबालिकाका लागि विद्यालयमा वा अन्य स्थानमा विशेष प्रकारले साङ्केतिक, बहुभाषिक शिक्षण तथा पूर्णसञ्चार विधि र दृश्य सामग्रीको प्रयोग गर्दै र द्विभाषावादलाई अङ्गीकार गर्दै औपचारिक र अनौपचारिक दुवै विधि र प्रक्रियाद्वारा सिकाइ क्रियाकलाप गरिन्छन्। यहाँ भाषाका चार वटै सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) अपनाएर सिकाइ गर्ने साङ्ग विद्यार्थीले प्रयोग गर्ने पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री र मूल्याङ्कन इत्यादि शैक्षणिक गतिविधिअन्तर्गत रही केही पृथक् तथा विशेष शैलीबाट शिक्षण कार्य पूरा गर्ने चलन छ। शिक्षा क्षेत्रमा आएको नयाँ आयामअनुसारको समाहित कक्षामा अन्य विद्यार्थीसँगै बहिरालाई पनि उपयुक्त वातावरण तयार गरी शिक्षण गर्न सकिन्छ भन्ने मान्यता स्थापित गर्न प्रयत्न गरिँदै छ।

शिक्षण आफैँमा एउटा प्राविधिक विषय हो। अझै त्यसले कुनै वर्ग विशेषलाई केन्द्रित गरी छुट्टै प्रक्रिया अवलम्बन गर्दै शिक्षण क्रियाकलाप र विधि अपनाउनुपर्ने अवस्थामा अति प्राविधिक स्वरूप देखाउँछ। विद्यालयको कक्षा कोठाभित्र सीमित होस् वा खुला शिक्षाका सन्दर्भमा औपचारिक र अनौपचारिक जुन कुनै प्रकारका शिक्षा होस् यो बहिराहरूका लागि सान्दर्भिक नै हुन्छ तर सहजकर्ता शिक्षक सामीप्यतामा हुनु अति आवश्यक पर्छ। पाँच ज्ञानेन्द्रीयमध्ये कानको (सुनाइको) अभावबाट सिकाइमा हुने असुविधा र क्षतिको पूर्ति गर्न हेराइ वा दृष्टिशक्तिले बढी महत्व राख्ने हुनाले बहिरा शिक्षामा द्विभाषीय पद्धति अन्तर्गत अवलोकन वा हेराइ सिपको भूमिका अति अनिवार्य, प्राकृतिक र अकाट्य हुन्छ।

सुनाइ क्षमता राख्ने बालबालिकाको सिकाइ साक्षरता आवाजसँग सम्बन्धित हुँदै सुरु हुन्छ जहाँ प्रारम्भिक ध्वनि र सङ्केतको परिचय गराई सिकाइलाई गति दिइन्छ। क्रमश सङ्गठित भाषाका रूपमा सिकाइ गर्न सिकारुले ध्वनि सङ्केतहरू ध्वनि, शब्द, वाक्य इत्यादि अंशबाट पूर्ण सिकाइ सिद्धान्त अनुसार सिक्दै जान्छन् । बहिरा बालबालिकाहरूले प्रारम्भिक ध्वनि (आवाज) को सट्टा आँखा अगाडि मानिसहरूले प्रयोग गरेका प्राकृतिक सङ्केत, सामान्य व्यवहार, हाउभाउ र मुखाकृति हेर्दै अनुमानको भरमा सिकाइ गर्दै जब विद्यालय पुग्छन्, तब औँला हिज्जे र औपचारिक साङ्केतिक भाषा प्रयोग गर्दै बल्ल तीव्र सकाइ गर्छन् । विद्यालयमा आउँदासम्मको सिकाइ पूर्ण र शुद्ध हुन सक्दैन किनभने यसका लागि भाषा तथा सिकाइ विधि महत्वपूर्ण हुन्छ। जसलाई द्वैभाषावादले समेट्न सक्छ। सुनाइ क्षमता राख्नेले अक्षरको स्वर तथा आवाज विधि अन्तर्गत शब्दको उच्चारण गर्दै लेखाइको पनि अभ्यास गर्छन् । बहिरालाई यस पद्धतिबाट सिकाउँदा मुख्य धारण क्षमता (सुनाइबाट ज्ञान गर्ने) मा समस्या उत्पन्न भई स्वर वा आवाज विधि निस्काम हुन्छ। सुस्त श्रवणको सिकाइको हकमा चर्को आवाजका साथमा कुखाकृतिको निकै ठुलो महत्व रहन्छ। सुनाइ क्षमता नहुनेहरूका लागि मुख्य शब्द पद्धति केही प्रतिशत उपयुक्त होला तर शब्द सङ्केत र औँला हिज्जे भने प्रथम तथा महत्वपूर्ण कुरा हो । साक्षरताका लागि अर्को प्रचलित विधि भाषा अनुभव पद्धति हो र बहिराका लागि साङ्केतिक भाषामा नै आधारित रही दृश्य सामग्रीको प्रचुरतामा पूर्ण सञ्चार तथा द्विभाषीय पद्धतिद्वारा सजिलो र प्रभावकारी सिकाइ हुन सक्छ। हिजोआज आधुनिक डिजिटल (विद्युतीय) माध्यमका दृश्य सामग्री र विधि बहिरा शिक्षणका लागि धेरै रुचाइएका, उत्कृष्ट र अति आवश्यक साबित भएका छन्।

**द्विभाषीय पद्धतिको महत्व**

द्विभाषीय पद्धति सुनाइसम्बन्धी अपाङ्गता भएका बहिरा विद्यार्थीको शिक्षण पद्धति हुनाले यसबाट उक्त लक्षित वर्गले सिकाइको पहिलो र महत्वपूर्ण उद्देश्य पूरा गर्ने माध्यम उपलब्ध गर्छन्। उनीहरूलाई सिकाइ गतिविधि सहज र पहुँच योग्य हुँदा विषयगत सँगै भाषाको सिकाइमा अधिकतम स्तरीयता कायम हुन्छ जुन द्विभाषीय पद्धतिमा मात्र सम्भव छ। शिक्षण सामग्री र सहायक सामग्रीको यसमा अर्थपूर्ण प्रयोग हुन्छ । प्रथम भाषा (साङ्केतिक भाषा) मा सक्षमता वृद्धि गराउनका साथै दोस्रो भाषा (नेपाली अङ्ग्रेजी इत्यादि) मा पनि सजिलै सिक्न सक्छन्। सिकाइका विषय सामान्य विद्यार्थीसरह सिक्न द्विभाषीय पद्धतिको उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ। यस्तो वातावरणले समावेशी शिक्षाको प्रवर्धनमा महत्वपूर्ण स्थान राख्छ। बहिरा विद्यार्थीलाई सिकाइ वा विषय बोधमा द्विभाषीय पद्धतिमा हुने भाषा अनुवादले विशेष अर्थ राख्छ, किनभने साङ्केतिक भाषाको आधारमा अर्को भाषा वा अर्को भाषालाई साङ्केतिक भाषामा अनुवाद गरेर बुझ्ने क्रम यसमा हुने गर्छ । छिटो हुने सिकाइ प्रक्रिया, बुझाइमा स्पष्टता, सञ्चारमा सहजता जस्ता गुणले द्विभाषीय पद्धतिको महत्व र आवश्यकतालाई जुन कुनै पनि देशका शिक्षण संस्थाले बुझेर उपयोगमा ल्याएका छन्। यसबाट बहिरा विद्यार्थीको सिकाइमा आत्मविश्वास बढ्ने र उनीहरूको सिकाइ संस्कृतिमा टेवा पुग्ने निश्चित छ किनभने यो बहिराको शिक्षा प्राप्त गर्ने अधिकारसँग गाँसिएको विषय पनि हो। यस अनुकूलको शिक्षण सिकाइमा भाषा र विधि स्पष्ट हुँदा शैक्षिक अवसरको सदुपयोग हुन गई शैक्षिक उपलब्धि स्तरीय र सिकाइ आधार बलियो हुन्छ । बहिरा शिक्षणमा संलग्न शिक्षकलाई पनि विद्यार्थीको आवश्यकता बुझ्न र सम्बोधन गर्न सकारात्मक उत्प्रेरणा मिल्ने हुनाले द्विभाषीय पद्धतिको महत्व र आवश्यकता जहाँसुकै समान रहेको स्पष्ट छ।

**निष्कर्ष**

सुनाइसम्बन्धी अपाङ्गता भएका बहिरा विद्यार्थीका लागि विद्यालय शिक्षामा शिक्षण सिकाइका क्रममा वा सिकाइ वातावरणमा प्रयोग हुने द्विभाषीय पद्धति धेरै अनुसन्धान र प्रयोगपछिको संश्लेषणको प्रतिफलस्वरूप हाल विश्वभरि नै प्रचलनमा ल्याइएको छ । यसमा शिक्षाको साथै भाषा संस्कृतिको अधिकार एकै उद्देश्यअन्तर्गत व्यवहार हुने भएकाले बहिरा विद्यार्थी र त्यस समुदायले गर्व गर्छन् । उनीहरूमा आत्मविश्वासका साथ सिकाइ संस्कृतिमा बढोत्तरी हुने र समावेशी शिक्षाको उन्नयन तथा प्रवर्धनमा टेवा पुग्ने आधार भएकाले द्विभाषीय पध्दति आज शिक्षा क्षेत्रमा नयाँ आयामका रूपमा प्रचलनमा छ।

गोपबाट

# खडेरीले एन्टिबायोटिक प्रतिरोध संकटका लागि 'उत्तम आँधी' सिर्जना गर्छ

**डा. केदार कार्की**

माटो प्राकृतिक एन्टिबायोटिक यौगिकहरूको समृद्ध स्रोत हो। धेरै माटोका सूक्ष्मजीवहरूले यस्ता यौगिकहरूको सम्पर्कमा रहेर पनि बाँच्न सक्ने आफ्नै प्रतिरोधात्मक संयन्त्र विकसित गरेका हुन्छन् । यद्यपि, जलवायु परिवर्तनका कारण बारम्बार र लामो समयसम्म पर्ने खडेरीले माटोमा एन्टिबायोटिक उत्पादन गर्ने र एन्टिबायोटिक प्रतिरोधी सूक्ष्मजीवहरू बीचको सन्तुलनलाई कसरी असर गर्छ भन्ने कुरा अझै पूर्ण रूपमा स्पष्ट भइसकेको छैन । साथै, यसले मानव स्वास्थ्यमा कस्तो प्रभाव पार्छ भन्ने कुरा पनि निश्चित भइसकेको छैन।

सामान्यतया खडेरी भन्नाले हामी डढेलो, खानेपानीको अभाव, सुकेका धारा र असफल बालीनाली जस्ता प्रत्यक्ष देखिने परिणामहरूको बारेमा सोच्दछौं। तर, अनुसन्धानले के देखाएको छ भने खडेरीले ब्याक्टेरियामा खतरनाक एन्टिबायोटिक प्रतिरोधलाई बढावा दिएर सूक्ष्म स्तरमा समेत हानिकारक प्रभाव पार्न सक्छ। सुक्खा अवस्थामा प्रायः खाना र पानीको माध्यमबाट हुने ब्याक्टेरिया तथा भाइरल संक्रमणको प्रसारमा वृद्धि देखिन्छ। यदि सरसफाइमा कमी आयो र मानिसहरूले हात धुने क्रम घटाए भने झाडापखालाजन्य रोगहरू अझ बढी फैलने चिन्ता रहन्छ। प्रकृतिमा जीवहरू सधैँ अस्तित्वको लागि संघर्ष गरिरहेका हुन्छन् । यो एक प्रतिस्पर्धात्मक वातावरण हो । यसै प्रतिस्पर्धामा टिक्न सूक्ष्मजीवहरूले विकसित गरेको एउटा रणनीति भनेको आफ्ना छिमेकी (प्रतिस्पर्धी) सूक्ष्मजीवहरूलाई मार्न एन्टिबायोटिक उत्पादन गर्नु हो। सूक्ष्मजीवहरू बीचको यो लडाइँ मानिसका लागि भने उपयोगी हुन्छ, किनकि हामी त्यहीँबाट औषधि बनाउँछौं।

हामीले प्रयोग गर्ने एन्टिबायोटिकहरू अन्ततः माटोमै फर्किन्छन्। तर नयाँ अनुसन्धानले माटो नै एन्टिबायोटिक प्रतिरोधको मुख्य स्रोत हुन सक्ने सङ्केत गरेको छ। विश्वव्यापी रूपमा धेरै एन्टिबायोटिकहरूले आफ्नो प्रभावकारिता गुमाउँदै गएका छन्। विगत ८० वर्षमा मानव प्रयोग, र विशेष गरी एन्टिबायोटिकको अत्यधिक दुरुपयोगले ब्याक्टेरियालाई प्रतिरोध विकास गर्ने अवसर दिएको कुरा अनुसन्धानकर्ताहरूलाई अवगत नै छ। तर, जलवायु परिवर्तनका कारण धेरै ब्याक्टेरियाको प्राकृतिक वातावरणमा ठूलो परिवर्तन आइरहेको छ । के प्राकृतिक वातावरणमा आउने यस्ता परिवर्तनले पनि एन्टिबायोटिक प्रतिरोधको वृद्धिलाई टेवा पुऱ्याउँछ त ? यो जिज्ञासाको खोजी हुनु आवश्यक थियो।

एन्टिबायोटिक प्रतिरोधलाई प्रायः अस्पताल र कृषि क्षेत्रमा हुने एन्टिबायोटिकको अत्यधिक प्रयोगसँग जोडेर हेरिन्छ । यी दुवै वास्तविक समस्या हुन्, तर नयाँ अनुसन्धानले अर्को सम्भावित कारक पनि पत्ता लगाएको छः जलवायु परिवर्तनका कारण हुने खडेरी। नेचर माइक्रोबायोलोजी जर्नलमा प्रकाशित हालैको एक अध्ययन अनुसार, माटो सुक्खा हुँदा यसले एन्टिबायोटिक प्रतिरोध सिर्जना गर्ने र फैलाउने प्राकृतिक प्रक्रियालाई तीव्र बनाउन सक्छ। यसले जलवायु परिवर्तनले यो समस्यालाई अझ भयावह बनाउन सक्छ भन्ने देखाउँछ। जब मानक एन्टिबायोटिकले काम गर्न छोड्छ, चिकित्सकहरू 'अन्तिम उपायको औषधि' भनेर चिनिने शक्तिशाली विकल्पहरू प्रयोग गर्न बाध्य हुन्छन्।

एन्टिमाइक्रोबियल प्रतिरोध (एएमआर) युरोपेली संघमा मात्र हरेक वर्ष ३५,००० भन्दा बढी मृत्युको जिम्मेवार मानिएको छ । यो तब हुन्छ जब ब्याक्टेरिया, भाइरस, फङ्गस र परजीवीहरूले एन्टिमाइक्रोबियल औषधिलाई प्रतिक्रिया दिन छोड्छन् । यो एक प्राकृतिक प्रक्रिया हो, जुन समयसँगै रोगजनकहरूको आनुवंशिक परिवर्तन मार्फत हुन्छ। तर मानवीय गतिविधि, विशेष गरी औषधिको दुरुपयोग र अत्यधिक प्रयोगले यसलाई तीव्र बनाएको छ। खडेरीले क्लिनिकमा एन्टिबायोटिकको अत्यधिक प्रयोगले जस्तै प्रभाव सिर्जना गरिरहेको छ–यी दुवैले एन्टिबायोटिक प्रतिरोधका लागि अनुकूल वातावरण तयार गर्छन्।

सन् १९४० को दशकमा माटोका सूक्ष्मजीवहरूमा गरिएका प्रयोगहरूबाट पहिलो पटक एन्टिबायोटिक पत्ता लागेको थियो, जहाँ एउटा सूक्ष्मजीवले उत्पादन गरेको प्राकृतिक तत्वले अर्को सूक्ष्मजीवको वृद्धिलाई रोकेको पाइयो। आजका धेरै औषधिहरू तिनै प्राकृतिक उत्पादनहरूको परिमार्जित रूप हुन्। माटो अझै पनि नयाँ एन्टिबायोटिक उत्पादकहरूको सबैभन्दा ठूलो स्रोत हो । माटो यति सूक्ष्मजीवीय विविधताले भरिपूर्ण छ कि अनुमानित ९९ प्रतिशत सूक्ष्मजीवहरूलाई त प्रयोगशालामा कल्चर गर्न समेत सकिएको छैन । तर, माटोको पारिस्थितिक प्रणालीमा हुने वातावरणीय परिवर्तनले कसरी प्रतिरोधलाई बढावा दिन्छ भन्ने कुरा अझै गहिराइमा बुझ्न बाँकी नै छ।

जलवायु परिवर्तनले विश्वव्यापी स्वास्थ्य सुरक्षालाई कसरी खतरामा पार्छ भन्ने विषयमा नयाँ खोजहरूले हाम्रो बुझाइलाई बदलिदिएका छन् । हालैको अनुसन्धानले खडेरीको अवस्थाले माटोमा एन्टिबायोटिक-प्रतिरोधी ब्याक्टेरियाका लागि आदर्श प्रजनन् स्थल सिर्जना गर्ने देखाएको छ। यो खोज विशेष गरी लामो समयसम्म सुक्खा रहने र स्वास्थ्य सेवाका पूर्वाधारहरू सीमित भएका क्षेत्रका लागि निकै गम्भीर छ। द ल्यान्सेटमा प्रकाशित २०२४ को अध्ययन अनुसार, सन् २०२५ देखि २०५० को बीचमा करिब ३ करोड ९० लाख मृत्यु प्रत्यक्ष रूपमा एन्टिमाइक्रोबियल प्रतिरोधका कारण हुने अनुमान छ। साथै, शताब्दीको अन्त्यसम्ममा करिब ५ अर्ब मानिस सुक्खा क्षेत्रमा बसोबास गर्ने प्रक्षेपण गरिएको छ । वैज्ञानिकहरूका अनुसार खडेरीको समयमा माटोका सूक्ष्मजीवहरूले आफ्नो अस्तित्व जोगाउन रणनीतिक परिवर्तन गर्छन्। पानीको अभाव र बढ्दो प्रतिस्पर्धाका बीच ब्याक्टेरियाहरूले आफ्ना प्रतिद्वन्द्वीलाई हटाउन एन्टिबायोटिक यौगिकहरूमा बढी भर पर्नुपर्ने हुन्छ। यो 'जैविक हतियार दौड'ले प्रतिरोधी जीनको विकास र प्रसारलाई तीव्र बनाउँछ, जसले सुक्खा क्षेत्रहरूलाई 'सुपरबग'हरूको अखडामा परिणत गर्न सक्छ। यो संयन्त्र जति रोचक छ, त्यति नै भयानक पनि। तनावग्रस्त माटोमा ब्याक्टेरियाहरूले 'तेर्सो जीन स्थानान्तरण' मार्फत् तीव्र दरमा प्रतिरोधात्मक क्षमता साटासाट गर्छन् । यी खडेरी-अनुकूलित प्रतिरोधी ब्याक्टेरियाहरू वर्षा भएपछि पनि हराउँदैनन्–तिनीहरू वातावरणमा रहिरहन्छन् र पानीका स्रोत, कृषि प्रणाली र अन्ततः मानव शरीरसम्म पुग्न सक्छन्।

खडेरीका बेला समुदायहरूले गहिरो इनार खन्दा अनजानमा त्यस्ता सुक्खा माटोका तहहरूबाट प्रतिरोधी ब्याक्टेरिया मिसिएको भूमिगत जल प्रयोग गर्न सक्छन् । त्यसैगरी, खडेरी प्रभावित क्षेत्रमा चरेका पशुधनले ती प्रतिरोधी सूक्ष्मजीवहरू ग्रहण गर्न सक्छन्, जसले गर्दा यो खतरा खाद्य शृंखलामा समेत प्रवेश गर्छ। नयाँ अनुसन्धानले के सुझाव दिन्छ भने अस्पताल बाहिर, पृथ्वीको माटोमा भइरहेका परिवर्तनले स्वास्थ्य सेवा भित्रको एन्टिबायोटिक प्रतिरोधलाई समेत असर गर्छ। जलवायु परिवर्तनले खडेरीलाई तीव्र र व्यापक बनाउँदै लैजाँदा माटोका ती सूक्ष्मजीवहरूले बढी लाभ पाउँछन्, जसमा एन्टिबायोटिकको उच्च कन्सन्ट्रेसनमा बाँच्न सक्ने आनुवंशिक क्षमता हुन्छ। क्यालिफोर्निया इन्स्टिच्युट अफ टेक्नोलोजीको टोलीले अमेरिका, चीन र युरोपका माटोका नमुनाहरूको विश्लेषण गर्दा के पायो भने खडेरी प्रभावित माटोमा एन्टिबायोटिक उत्पादन गर्ने र प्रतिरोधी क्षमता भएका जीनहरूको बाहुल्यता बढी हुन्छ। प्रयोगशालामा गरिएको परीक्षणमा पनि सुक्खा माटोमा एन्टिबायोटिकको सांद्रता बढ्दा प्रतिरोधी ब्याक्टेरियाहरू जीवित रहे भने संवेदनशील प्रजातिहरू पूर्ण रूपमा नष्ट भए।

११६ देशका अस्पतालहरूको विश्लेषण गर्दा अस्पताल भित्रको एन्टिबायोटिक प्रतिरोध र बाहिरको वातावरणीय सुक्खापनबीच निकै बलियो सम्बन्ध पाइयो । राष्ट्रिय आय र स्वास्थ्य प्रणालीका अन्य पक्षलाई ध्यानमा राख्दा पनि यो सम्बन्ध कायम रहनुले पर्यावरणीय कारकको भूमिकालाई थप स्पष्ट पार्छ। खडेरीले ब्याक्टेरियामा शारीरिक तनाव उत्पन्न गर्छ, जसले एन्टिबायोटिकले उनीहरू विरुद्ध कसरी काम गर्छ भन्ने कुरालाई प्रभावित गर्छ। वातावरणमा रहेका ट्रिलियनौं ब्याक्टेरियाले एक-अर्कालाई जीन स्थानान्तरण गर्ने भएकाले यो एक ठूलो विश्वव्यापी समस्या हो। यसले के देखाउँछ भने क्लिनिकल प्रतिरोधको मुख्य कारक वातावरणीय संयन्त्र मार्फत परिचालित भइरहेको छ। ग्रह तातिँदै जाँदा सन् २०५० सम्ममा पृथ्वीको २५ प्रतिशत भाग खडेरी र मरुभूमिकरणको चपेटामा पर्न सक्छ। यसले गर्दा एन्टिबायोटिक प्रतिरोधी रोगहरूको दर बढ्न सक्छ । तर यो जानकारीले सुक्खा क्षेत्रका चिकित्सकहरूलाई अझ राम्रो तयारी गर्न पनि मद्दत गर्नेछ । उनीहरूले कम सुक्खा क्षेत्रको तुलनामा फरक खालका एन्टिबायोटिक प्रयोग गर्नुपर्ने हुन सक्छ।

अन्त्यमा, यी निष्कर्षहरूले 'एक स्वास्थ्य' दृष्टिकोणको महत्त्वलाई अझ बढी प्रस्ट पारेका छन् । मानव, जनावर र वातावरणको स्वास्थ्य एक-अर्कासँग जोडिएका छन्। जलवायु अस्थिरता बढ्दै जाँदा एन्टिबायोटिक प्रतिरोधलाई केवल चिकित्सा समस्याको रूपमा मात्र नभई एक पारिस्थितिक (इकोलोजिकल) समस्याको रूपमा बुझ्न र सम्बोधन गर्न आवश्यक छ। खडेरी बढ्दै जाँदा हामीले आफ्नो खुट्टा मुनिको माटोमा के भइरहेको छ भन्ने कुरामा सूक्ष्म निगरानी राख्नुपर्ने बेला आएको छ।

# दाङमा सवारी दुर्घटनाको अवस्था: चार वर्षमा तीन सय बढीको मृत्यु



दाङ। गत चैत ५ गते बेलुका ७:०० बजे तुलसीपुर उप-महानगरपालिका-९ दुधेनाको चमिखोलामा टिपरको ठक्करबाट स्कुटरमा सवार एक जना महिलाको मृत्यु भयो। तुलसीपुर-हापुरे सडकखण्डमा पर्ने सो ठाउँमा रा १ ख २३०८ नम्बरको टिपरले रा ७ प ६३३१ नम्बरको स्कुटरलाई ठक्कर दिँदा तुलसीपुर-९ निवासी ४९ वर्षीया पुष्पा कँडेलको घटनास्थलमै मृत्यु भएको थियो।

गत चैत ३ गते गढवा गाउँपालिका-५ बाँकीगाउँमा बाटोमा रोकिएको रा ६ प १७६९ नम्बरको मोटरसाइकल रा १ त ३४२९ नम्बरको ट्र्याक्टरसँग ठोक्किँदा सोही ठाउँका ४२ वर्षीय भानु रिजालको घटनास्थलमै मृत्यु भयो। यी दुई घटनामा जिल्ला प्रहरी कार्यालयले गरेको अनुसन्धानले दुर्घटनाको मुख्य कारण चालकले तीव्र गतिमा सवारी चलाउनु रहेको जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी उपरीक्षक दीपक श्रेष्ठले बताए।

दुर्घटनासम्बन्धी यी उदाहरण मात्र हुन्। जिल्लामा हुने सवारी दुर्घटनाका कारण नागरिकले अकालमै ज्यान गुमाएक सयौँ उदाहरण छन्। यस्ता दुर्घटना दोहोरिन नदिन र दुर्घटना न्यूनीकरणका लागि प्रहरीले नागरिकसँग समन्वय गरी दुर्घटना न्यूनीकरणमा सक्रियताका काम गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्रेष्ठले बताए। उनका अनुसार सडक सुरक्षा तथा ट्राफिक नियम सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

यहाँका बजारमा ट्राफिक व्यवस्थापनमा प्रहरीले सक्रियता बढाएको छ। सडक वारपार गर्ने पैदलयात्रुलाई सडक कट्दा अपनाउनुपर्ने विषयमा सचेतना उपलब्ध गराइँदै आइएको ट्राफिक प्रहरी कार्यालय दाङले जनाएको छ। कार्यालयका अनुसार चालकका लागि निःशुल्क स्वास्थ्य परीक्षण तथा आखा जाँच कार्यक्रम सञ्चालन भइरहेका छन्। बजार क्षेत्रमा 'जेब्राक्रसिङ' बनाइएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी निरीक्षक उपेन्द्रबहादुर बम बताउँछन्। जिल्लामा सवारी दुर्घटनाका घटना दिनहुँजसो घटिरहेका छन्।

जिल्लामा चालु आर्थिक वर्षको साउनदेखि बैशाख पहिलो सातासम्म २७३ वटा सवारी दुर्घटना हुँदा ६० जनाको ज्यान गएको प्रहरी निरीक्षक बमले जानकारी दिए। उनका अनुसार ज्यान गुमाउनेमा ४१ पुरुष, १७ महिला र दुई जना बालक छन्।

ट्राफिक प्रहरी कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार ती दुर्घटनामा परी १७१ जना गम्भीर घाइते भएका छन्। दुर्घटनामा ३९९ सवारीसाधन संलग्न छन्। तीमध्ये सबैभन्दा बढी दुर्घटना हुने सवारीसाधनमा मोटरसाइकल २२६, टेम्पो ४२, बस १४, जीप तथा कार ४२, ट्र्याक्टर १२ रहेका छन्।

गत आव २०८१/८२ मा तीन सय ६२ सवारी दुर्घटना हुँदा ८१ जनाको मृत्यु भएको प्रहरी निरीक्षक बमले जानकारी दिए। सो अवधिमा ३६२ सवारी दुर्घटनामा परी २५८ गम्भीर घाइते भएका थिए। आव २०७९/८० मा २०३ सवारी दुर्घटना हुँदा ९५ मृत्यु भएको थियो भने आव २०७८/७९ मा २७९ वटा सवारी दुर्घटना हुँदा ७७ जनाको मृत्यु भएको थियो।

प्रहरीको अनुसन्धानले दुर्घटनाको मुख्य कारण तीव्रगतिमा सवारी चलाउनु, मादकपदार्थ सेवन गरी सवारी चलाउनु, चालकको लापरबाही, सडकको अवस्थाबारेमा चालक जानकार नहुने, यान्त्रिक गडबडीलगायत रहेका ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक बमले जानकारी दिए।

दुर्घटना न्यूनीकरणका लागि चालक गम्भीर बन्नुपर्ने ज्येष्ठ नागरिक खुमानन्द अधिकारीले जोड दिए। उनले जिल्लामा धेरै दुर्घटना चालकको लापरबाहीका कारण हुने गरेको भन्दै चालक संवेदनशील हुन आग्रह गरे। तीव्रगतिमा गाडी चलाउने, आफ्ना सवारीसाधन दुरुस्त अवस्था नराख्नेलगायत कारणले दुर्घटना बढिरहेको उनको भनाइ छ।

पत्रकार महासङ्घ दाङका अध्यक्ष सन्तोष सुवेदीले सवारी दुर्घटना न्यूनीकरणका लागि प्रहरीले सक्रियता बढाए पनि नियन्त्रणमा आउन नसकेकामा चिन्ता व्यक्त गरे। सवारी दुर्घटना न्यूनीकरणका लागि चालक, ट्राफिक प्रहरी र स्वयं गाडी धनी, नियामक निकाय एकजुट हुनुपर्ने उनले बताए। उनले सवारी ऐन कार्यान्वयन नगर्ने जोकोहीलाई कारबाही गर्नुपर्नेमा जोड दिए।

त्यस्तै चालकलाई दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने अध्यक्ष सुवेदीले सुझाव दिए। उनले दुर्घटनामा पीडित भएका तथा सवारी चालकलाई सङ्गठित गराएर सरोकार भएका निकायले सचेतना अभियान प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिए। दुर्घटनाको पीडा स्वयं पीडितलाई थाहा हुने भन्दै दुर्घटना पीडित सङ्गठित बनाएर सचेतना अभियान सञ्चालन गर्दा थप प्रभावकारी हुने उनको भनाइ छ।

सडक दुर्घटना रोकथाम गर्नका लागि नियामनका निकायले पनि विशेष ध्यान दिनुपर्ने अध्यक्ष सुवेदीले बताए। घोराही-तुलसीपुर निर्माणाधीन सडकका ठाउँठाउँमा खनिएका खाडलमा परी हुने सवारी दुर्घटनाका कारण युवाको ज्यान जाने गरेकाले यसतर्फ सबै सचेत हुनुपर्ने उनको भनाइ छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्रेष्ठले तीव्रगतिमा सवारी चलाउने, मादकपदार्थ सेवन, बाटोको अवस्थाबारेमा चालक जानकार नहुने, सवारीको यान्त्रिक अवस्था ठीक नराख्नेलगायत कारणले दुर्घटना बढिरहेको बताए। उनले सडक सुरक्षा तथा ट्राफिक नियमका सम्बन्धमा चालक तथा सहचालकलाई प्रशिक्षण तथा विद्यालयमा सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका जानकारी दिए।

उनका अनुसार नागरिक अगुवासँग अन्तरक्रिया, स्थानीय तहसँग सडक सुरक्षासम्बन्धी सचेतनामूलक अभियान, आमसर्वसाधारणलाई ट्राफिक नियमका बारेमा जानकारीलगायत कार्यक्र सञ्चालन हुँदै आएका छन्। जिल्लाको घोराही-तुलसीपुर सडकखण्ड निर्माण भइरहेकाले सो सडकमा हुने दुर्घटना नियन्त्रण गर्नेतर्फ प्रहरीले चासो दिएको उनको भनाइ छ।

**नौ महिनामा एक करोडभन्दा बढी राजस्व संकन**

ट्राफिक प्रहरी कार्यालयले चालु आर्थिक वर्षको नौ महिनामा ट्राफिक नियम पालना नगर्ने १० हजार ७८ वटा सवारीसाधनलाई कारबाही गरेको जनाएको छ। गत साउनदेखि चैतसम्म ती सवारीसाधनलाई कारबाही गर्दा रु एक करोड पाँच लाख ६० हजार ५०१ राजस्व सङ्कलन भएको ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक बमले जानकारी दिए। उनका अनुसार सबैभन्दा बढी नियम पालना नगर्नेमा मोटरसाइकल चालक छन्।

# यूएनओपिएसको प्राविधिक सहयोगमा सेवा केन्द्र निर्माणले गति लिँदै



रूपन्देही। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको सेवा प्रवाहलाई अझ प्रभावकारी, सुरक्षित र पहुँचयोग्य बनाउने उद्देश्यले बर्दियाको राजापुर र नवलपरासी (पश्चिम) को प्रतापपुर गाउँपालिका-बेलाटारीमा निर्माणाधीन सेवा केन्द्र भवनबारे सामुदायिक छलफल सम्पन्न भएको छ।

संयुक्त राष्ट्रसंघीय परियोजना सेवा कार्यालय (यूएनओपिएस) को समन्वयमा नेपाल सरकार तथा एसियाली विकास बैंक (एडीबी ) को आर्थिक तथा प्राविधिक सहयोगमा दुवै स्थानमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भवन निर्माण कार्य अघि बढाइएको हो। यी भवनहरू सम्बन्धित इलाका प्रहरी कार्यालय परिसरभित्र निर्माणाधीन अवस्थामा रहेका छन्। यसले लक्षित समूहलाई एकीकृत, सुरक्षित र सहज सेवा उपलब्ध गराउने उद्देश्य लिएको छ।

निर्माणाधीन सेवा केन्द्र भवनबारे आयोजित छलफल कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, सामाजिक अगुवा, नागरिक समाजका सदस्य तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले परियोजनाको प्रभावकारिता, संरचनागत गुणस्तर, सेवा प्रवाहको सहजता तथा दीगो सञ्चालनका विषयमा विभिन्न सुझाव र धारणा प्रस्तुत गरेका थिए। उनीहरूले सेवा केन्द्रलाई केवल भौतिक संरचनाका रूपमा नभई नागरिकलाई प्रत्यक्ष सेवा दिने संवेदनशील र जिम्मेवार संस्थागत माध्यमका रूपमा विकास गर्नुपर्नेमा जोड दिएका छन्।

छलफलमा सहभागीहरूले विशेषगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकजस्ता संवेदनशील समूहका लागि छुट्टै, सुरक्षित र गोपनीय सेवा कक्षको व्यवस्था अनिवार्य हुनुपर्ने सुझाव दिएका छन्। उनीहरूले सेवा केन्द्रलाई पहुँचयोग्य बनाउन अपाङ्गमैत्री संरचना, सहज प्रवेशद्वार, परामर्श कक्ष तथा उजुरी व्यवस्थापन प्रणाली व्यवस्थित हुनुपर्नेमा समेत जोड दिएका छन्। साथै, सेवा लिन आउने व्यक्तिहरूलाई कुनै पनि प्रकारको मानसिक वा सामाजिक दबाब नपर्ने वातावरण सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

सुरक्षा निकायका प्रतिनिधिहरूले यस्ता सेवा केन्द्रहरू प्रहरी कार्यालय परिसरभित्र निर्माण हुँदा उजुरी दर्ता, तत्काल प्रतिक्रिया र सुरक्षा संयोजनमा थप सहजता आउने विश्वास व्यक्त गरेका छन्। उनीहरूले घरेलु हिंसा, बालबालिकामाथि हुने दुर्व्यवहार, ज्येष्ठ नागरिकमाथि हुने उपेक्षा तथा अन्य सामाजिक समस्याहरूको समाधानमा यस्ता संरचनाले महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरेका छन्। साथै, पीडितलाई सुरक्षित वातावरणमा सेवा दिन सकिने भएकाले न्यायमा पहुँच सहज हुने अपेक्षा गरिएको छ।

युएनओपिएसकी प्राविधिक इञ्जिनियर प्रेक्षा सिंहले परियोजनाबारे जानकारी दिँदै सेवा केन्द्र भवन निर्माणलाई आधुनिक, सुरक्षित र दीगो बनाउनेतर्फ विशेष ध्यान दिइएको बताइन्। उनका अनुसार हाल धेरै प्रहरी कार्यालयहरूमा लक्षित समूहका लागि छुट्टै पूर्वाधार नहुँदा सेवा प्रवाहमा कठिनाइ देखिएको छ। नयाँ निर्माणाधीन भवनहरूले यस्ता चुनौतीलाई सम्बोधन गर्दै सेवा प्रणालीलाई थप व्यवस्थित बनाउने उद्देश्य लिएको उनले स्पष्ट पारिन।

इन्जिनियर सिंहले यी सेवा केन्द्रहरूलाई नागरिकमैत्री सेवा प्रणालीको महत्वपूर्ण आधारका रूपमा विकास गरिएको उल्लेख गरिन्।

उनले भवनहरू प्रविधिमैत्री, भूकम्प प्रतिरोधी तथा वातावरणमैत्री डिजाइनमा निर्माण भइरहेको जानकारी दिइन्। साथै, दीर्घकालीन उपयोगिता सुनिश्चित गर्न गुणस्तरीय निर्माण सामग्री र आधुनिक संरचनात्मक मापदण्ड अपनाइएको उनको भनाइ छ। उनले नेपालका सबै प्रहरी युनिटहरूमा यस्ता सेवा केन्द्रहरू आवश्यक रहेको उल्लेख गर्दै भविष्यमा यसको विस्तार हुँदै जाने अपेक्षा व्यक्त गरिन्।

कार्यक्रममा सहभागीहरूले नेपालका विभिन्न जिल्लामा यस्ता सेवा केन्द्रहरू विस्तार हुँदै गएकोमा सकारात्मक प्रतिक्रिया जनाएका छन्। स्थानीय तह, सुरक्षा निकाय र विकास साझेदारहरूको सहकार्यमा सञ्चालित यस्ता परियोजनाले सामाजिक न्याय, सुरक्षा तथा सेवा पहुँचलाई सुदृढ बनाउने विश्वास व्यक्त गरिएको छ। विशेषगरी पछिल्ला वर्षहरूमा घरेलु हिंसा, बालअधिकार उल्लंघन तथा ज्येष्ठ नागरिकमाथि हुने समस्या समाधानमा यस्ता केन्द्रहरूको भूमिका महत्वपूर्ण बन्दै गएको सहभागीहरूको धारणा थियो।

स्थानीय समुदायले निर्माणाधीन सेवा केन्द्रहरू सञ्चालनमा आएपछि सेवा लिन सहज हुने, समयमै उजुरी दर्ता तथा समाधान प्रक्रिया अघि बढ्ने र आवश्यक सहयोग छिटो प्राप्त हुने अपेक्षा व्यक्त गरेका छन्। उनीहरूले यस्ता संरचनाले राज्य र नागरिकबीचको दूरी घटाउने तथा विश्वास अभिवृद्धि गर्ने विश्वास व्यक्त गरेका छन्।

सामाजिक अगुवाहरूले यस्ता सेवा केन्द्रलाई केवल भौतिक पूर्वाधारका रूपमा मात्र नभई सामाजिक रूपान्तरणको माध्यमका रूपमा विकास गर्नुपर्नेमा जोड दिएका छन्। उनीहरूले सेवा केन्द्र सञ्चालनमा आएपछि दक्ष जनशक्ति, प्रभावकारी व्यवस्थापन र नियमित अनुगमन आवश्यक हुने सुझाव दिएका छन्।

नेपाल सरकार, स्थानीय तह तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूको संयुक्त प्रयासमा अघि बढाइएका यस्ता परियोजनाहरूले सार्वजनिक सेवा प्रणालीलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने लक्ष्य लिएको छ।

# वन्यजन्तु पर्यटन प्रवर्द्धन गर्न 'सफारी मार्ट'

चितवन। नेपाल पर्यटन बोर्डले पहिलो पटक चितवनको मेघौलीमा 'सफारी मार्ट'को औपचारिक सुरुआत गरेको छ। नेपाल पर्यटन बोर्ड, स्थानीय सरकार तथा पर्यटन व्यवसायीहरूको सहकार्यमा आयोजना गरिएको पहिलो 'वाइल्ड नेपाल सफारी मार्ट २०२६' को उद्घाटन गरिएको हो।

उद्घाटन कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले यस कार्यक्रमलाई नेपालको वन्यजन्तु पर्यटनलाई विश्व मञ्चमा पुर्‍याउने महत्वपूर्ण अवसरका रूपमा व्याख्या गरे। उनले भने-"नेपाल केवल हिमालका लागि मात्र होइन, यसको समृद्ध जैविक विविधता, जीवित संस्कृति र विश्वस्तरीय वन्यजन्तु पर्यटनका लागि चिनिन्छ।" उनले यस मार्टमा हुने छलफलहरूले लगानी, सहकार्य र नेपालको विशिष्ट वन्यजन्तु पर्यटन उत्पादन प्रवर्द्धनका नयाँ अवसरहरू खोल्ने बताए।

कार्यक्रममा भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले चितवन र मेघौलीलाई विश्वस्तरीय वन्यजन्तु पर्यटन केन्द्रका रूपमा विकास गर्न तयार रहेको बताए। उनले स्थानीय सरकारको भूमिका दिगो पर्यटन पूर्वाधार र समुदाय सहभागितामा महत्वपूर्ण रहेको उल्लेख गरे।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले यस कार्यक्रमलाई नेपालको पर्यटन यात्राको ऐतिहासिक कोसेढुङ्गाका रूपमा रहेको उल्लेख गर्दै यो विशिष्ट र जिम्मेवार पर्यटन अवधारणा भएको जनाए।

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले मार्टलाई केवल व्यावसायिक कार्यक्रम नभई एक साझा 'प्लेटफर्म'का रूपमा चित्रण गरे। नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थापलियाले यो मार्ट रणनीतिक प्लेटफर्मका रूपमा भएको बताए।

अन्तरराष्ट्रिय संरक्षणविद् तथा प्रमुख वक्ता मोहित अग्रवालले जिम्मेवार पर्यटन यात्राको विश्वव्यापी माग तीव्र रूपमा बढिरहेको बताए। उनले भने-"विश्व अब त्यस्ता गन्तव्य खोजिरहेको छ, जहाँ पर्यटन र संरक्षणबीच सन्तुलन कायम हुन्छ र मानव तथा प्रकृतिबीच गहिरो सम्बन्ध स्थापित हुन्छ।"

---

**काठमाडौंका...**

शनिबार दिउँसोसम्म थापाथलीमा बसोबास गरिरहेका ६८ परिवार सरकारको सम्पर्कमा आएको र अन्य स्थानबाट पनि सम्पर्कमा आउने क्रम जारी रहेको उनले बताएका छन्।

'सम्पर्कमा आएका परिवारहरूलाई दशरथ रंगशाला पुर्‍याएर उनीहरूको विवरण संकलन गरी काठमाडौंका विभिन्न होटलहरूमा राख्ने तयारी छ।'-उनले भनेका छन्। होटलमा राखिएका परिवारहरू वास्तविक सुकुमवासी हुन् कि होइनन् भनेर पहिचान गर्ने कार्य आइतबारबाटै सुरु गरिने उनले उल्लेख गरेका छन्। 'वास्तविक सुकुमवासी ठहरिएका परिवारलाई दुई साताभित्र नागार्जुन नगरपालिका-१ स्थित सरकारी अपार्टमेन्टमा राखिनेछ,' उनले अगाडि लेखेका छन्-'त्यसलगत्तै उनीहरूको दीर्घकालीन व्यवस्थापनको काम सुरु गरिनेछ।'

**फोहोर...**

तर, यसबाट प्रदूषण फैलिएको भन्दै सर्वोच्च अदालतमा रिट दायर भएको थियो।

उक्त रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले गत बैशाख ४ गते वातावरण र स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी फोहोरमैला व्यवस्थापनको यथोचित प्रबन्ध गर्नू अन्तरिम आदेश जारी गरेको थियो। अदालतको आदेशपछि केही दिन फोहोर संकलन प्रभावित भए पनि नगरपालिकाले अहिले नयाँ योजनासहित व्यवस्थापन सुरु गरेको हो।

नगरपालिकाले नगरलाई स्वच्छ र प्रदूषणमुक्त बनाउने यो अभियानमा पूर्ण सहयोग गर्न सबै नगरवासीलाई अपिल गरेको छ।

# लुम्बिनी खुकुरी र भरतपुर सेमिफाइनलमा







भैरहवा। भैरहवामा जारी 'खुकुरी टी-ट्वान्टी कप-२०८३' अन्तर्गत शनिबारको खेलमा विजयी हुँदै लुम्बिनी खुकुरी क्लब र भरतपुर क्रिकेट एकेडेमी सेमिफाइनल पुग्न सफल भएका छन्। खुकुरीले एमएसएमटी सीए एकेडेमी नौतनवालाई १ध५ रनले पराजित गर्दा भरतपुरले नेपथ्य तिलोत्तमा क्रिकेट एकेडेमीमाथि ७ विकेटको सानदार जित निकाल्दै सेमिफाइनल पुगेको हो।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी खुकुरीले १९ ओभर ५ बलमा अलआउट हुँदै १ सय ६३ रन बनायो। जसमा शिभान्स कपुरले ९४, प्रशान्त श्रीवास्तवले २९ र सन्दीप रजालीले १३ रन जोडे। एमएसएमटीका नितिन त्रिपाठीले ३, राज गौड र मोहम्मद जैदले २-२ तथा प्रिन्स साहनीले १ विकेट लिए।

जवाफी ब्याटिङ गरेको एमएसएमटी १८ ओभर ५ बलमा अलआउट हुँदै १ सय ४८ रन बनायो। उसका लागि शिवम सिंहले ४३, आर्यन अग्रहरिले २९, नितिन त्रिपाठीले १८, सक्षम शर्माले १६ र प्रिन्स साहनीले ११ रन बनाए। खुकुरीका अजयकुमार चौहानले ३, अकलेश यादव र बैतुल्लाह खानले २-२ तथा प्रशान्त श्रीवास्तवले १ विकेट लिए। खेलमा शिभान्स कपुर प्लेयर अफ द म्याच भए। यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको नेपथ्यले ९ विकेट गुमाएर १ सय १७ रन बनायो। उसका लागि लक्ष्मण कुमालले ३४, अमन बोहराले २१, जय गोदारले २०, आशुतोष पाण्डेले ११ र रोशन घिमिरेले १० रन बनाए। भरतपुरका दीपेश श्रेष्ठ, सुदीप अर्याल र कमल परियारले २-२ तथा अपराजित पौडेलले १ विकेट हात पारे।

प्रतिउत्तरमा भरतपुरले १३ ओभर १ बलमा ३ विकेट गुमाएर १ सय १८ रन बनाउँदै सहजै जित हात पार्‍यो। उसको जितमा गौरव विकले ४९, प्रतीक श्रेष्ठले नटआउट ३३ र दीपेश श्रेष्ठले अविजित १५ रनको योगदान गरे। नेपथ्यका सागर भण्डारी, कृष्ण भुसाल र आशुतोष पाण्डेले समान १-१ विकेट लिए। खेलमा दीपेश श्रेष्ठ प्लेयर अफ द म्याच भए।

लुम्बिनी खुकुरी क्लब, भैरहवाको आयोजनामा जारी प्रतियोगितामा नेपालका १३ तथा भारतका ३ गरी कुल १६ टीमको सहभागिता छ। यही बैशाख १५ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टीमले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्ने छ भने उपविजेताले ५५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक नन्दन श्रेष्ठले बताए। साथै, म्यान अफ द सिरिजलाई १५ हजार रुपैयाँ तथा उत्कृष्ट ब्याट्सम्यान र बलरलाई जनही ५ हजार ५ सय रुपैयाँ तथा प्रत्येक खेलको म्यान अफ द म्याचलाई एक हजार ५ सय प्रदान गरिनेछ।

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

# विद्यार्थीले सञ्चालन गरे नमूना युवा संसद



कृष्ण पोखरेल
*पाल्पा*

जेनजी आन्दोलनपछि वर्तमान संघीय संसदमा अहिले ४० वर्ष उमेर मुनिका युवाहरुको बाहुल्यता रहेको छ । संघीय संसदमा युवाहरुको बहुमत भएपछि विद्यालयका बालबालिकाहरुमा अहिले राजनीति प्रति चासो बढ्दै गएको छ। कम उमेरमै राजनीतिमा प्रवेश गरेर देश विकासमा लाग्ने आत्मविश्वास बालबालिकाहरुमा बढ्दै गएको छ । सामाजिक सञ्जाल, मोबाइल इन्टरनेटको माध्यमबाट संसदको गतिविधि हेर्दै आएका पाल्पा देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयका बालबालिकाले नमूना युवा संसद कार्यक्रम सञ्चालन गरी संसदीय अभ्यास गरेका छन् । विद्यालयको आयोजना र टोनी हाग्जन फाउण्डेसन नेपालको प्राविधिक सहयोगमा भएको नमूना युवा संसद कार्यक्रमले बालबालिकाको क्षमता विकासमा सहयोग पुगेको छ।

नमूना युवा संसदमा देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयका कक्षा ६ देखि ११ कक्षासम्म अध्यन गर्ने बालबालिकाले संघीय संसदमा हुने सबै किसिमका नियम, प्रक्रिया पालना गर्दै कार्यक्रम सञ्चालन गरेका हुन् । नमूना युवा संसदमा विद्यार्थीहरु सभामुख, उप-सभामुख, संसद सचिवालयका कर्मचारी, प्रधानमन्त्री, मन्त्रीहरु, संसदिय दलको नेता, उप-नेता, प्रमुख सचेतक, सचेतक, सत्तापक्ष सांसद, प्रतिपक्ष सांसद, मर्यादापालक, दर्शक र पत्रकारको भूमिका निर्वाह गरेका छन् ।

नमूना युवा संसदमा सभामुखको भूमिकामा रहेकी स्वस्तिका पाण्डे संसद भवनमा प्रवेश गर्ने बित्तिकै राष्ट्रिय गान बज्यो। संसद भवनमा राष्ट्रिय गानपछि सभामुखको भूमिकामा रहेकी पाण्डेले शून्य समय सुरु गरिन् । शून्य समयमा सांसद रुपी बालबालिकाहरुले सार्वजनिक महत्वका विषयमा एक एक मिनेट आ-आफ्ना धारणा राख्दै सरकारको ध्यान आकर्षण गराए । संसदमा उठेका विषयबस्तु तत्काल कार्यान्वयन गरी जनतालाई राहत दिन युवा सांसदहरुले माग गरे । सभामुख पाण्डेले शून्य समयमा उठेका प्रश्नहरुको जवाफ दिने सम्बन्धित मन्त्री नभएको बताउँदै शून्य समय सकिएको घोषणा गरिन् । सभाहलमा भएको यस्ता गतिविधिले बालबालिकादेखि शिक्षक शिक्षिकाहरुलाई संसद भवनभित्रै रहेको महशुस गराएको थियो ।

नमूना युवा संसदमा बालबालिकाले संकल्प प्रस्ताव समेत पेश गरे । संसदमा सत्ता पक्षका सांसदले शिक्षामा सबै नागरिकहरुको समान पहुँच अवसर सुनिश्चत गर्न शिक्षा नीति र कानुन संशोधन गर्ने विषयमा सकल्प प्रस्ताव पेश गरे । शिक्षा सम्बन्धी संकल्प प्रस्तावमा बालबालिकाहरुले सत्तापक्ष र प्रतिपक्षी सांसदको रुपमा पक्ष र विपक्षमा कुराहरु राखे। सत्तापक्ष र प्रतिपक्ष संसदले राखेको प्रश्न तथा जिज्ञासाको शिक्षा मन्त्रीले जवाफ दिए। शिक्षा मन्त्रीले शिक्षामा समान अवसर र पहुँचको लागि संकल्प प्रस्ताव पारित गर्नुपर्ने आवश्यतका रहेको बताउँदै सभामुखलाई टेवल गर्न अनुरोध गरे । नमूना संसदमा सभामुखले शिक्षा नीतिको संकल्प प्रस्तावलाई नियार्थ प्रस्तुत गरिन् । संकल्प प्रस्तावको पक्षमा बहुमत भएपछि सभामुखले संकल्प प्रस्ताव पारित भएको घोषणा गर्दै अर्को सूचना नभएसम्मका लागि संसदको बैठक स्थगित भएको घोषणा गरीन र नमूना युवा संसदको एक दिने कार्यक्रम सकियो ।

ससंदीय अभ्यास, संसद सञ्चालन गर्ने नीति नियम, प्रक्रिया विधिको बारेमा प्रत्यक्ष रुपमा आफैं अभ्यास गर्न पाएको, शून्य समयदेखि विधेयक प्रस्तुति, संसदले कुरा राख्ने तरीका, विधेयकमाथिको वहशको बारेमा प्रत्यक्ष रुपमा जान्ने अवसर पाएको विद्यालयका छात्र संयोग बस्यालले बताए। भोलीको दिनमा राजनीति शास्त्र पढेर राजनीति गरेमा पनि नमूना युवा संसद कार्यक्रमले नयाँ बाटो सिकाएको उनले जनाए।

विद्यार्थी बालबालिकाहरुलाई नमूना युवा संसद कार्यक्रमबाट निकै फरक अनुभव, सिकाइ भएको छ, । संसदमा सभामुखदेखि सांसदसम्मको फरक-फरक भूमिकाले विद्यालयका बालबालिकालाई अझै कर्तव्यबोध बनाएको छ, । तोकिएको जिम्मेवारी तथा पदीय दायित्व निर्वाह गर्दा निकै संयमित, अध्यनशिल, नियम कानुन देखी संविधानसम्मका कुराहरुलाई ध्यान दिएर काम गर्नु पर्दो रहेछ भन्ने नयाँ सिकाई भएको नमूना युवा संसदमा सभामुखको भूमिकामा रहेकी छात्रा स्वस्तिका पाण्डेले बताइन् । विद्यालयले किताबी ज्ञानलाई समय-समयमा विद्यार्थी तथा बालबालिकाहरुलाई व्यवहारिक अभ्यास गराउँदै आएको छ । विद्यार्थीहरुलाई समय-समयमा स्थानीयदेखि राष्ट्रियस्तरका विभिन्न विषयबस्तुमा व्यवहारिक अभ्यास गराउँदै आएको छ । विद्यार्थीले टिभी, मोवाईलमा हेर्दै , पाठ्यपुस्तकमा पढ्दै आएको संसदीय अभ्यासलाई नियम कानुन र संविधान अध्यनसहित संसदमा हुने गतिविधिहरुलाई नमूना युवा संसद कार्यक्रममार्फत् अभ्यास गराएको विद्यालयका प्रधानाध्यापक कृष्णबहादुर थापा बताउँछन् ।

विद्यालयले अन्य समयमा पनि बालबालिकालाई किताबी ज्ञानमात्र नभई विषयबस्तुमा आधारित रहेर व्यवहारिक अध्यास गराउँदै आएको र नमूना युवा संसद अभ्यासले बालबालिकालाई राम्रो अवसर प्रदान गरेको कार्यक्रम अवलोकन कर्ता विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष उमादेवी अर्यालले बताइन् । बालबालिकाको चौतर्फी क्षमता विकास गर्न, किताबी ज्ञानलाई व्यवहारिक ज्ञानमा परिणत गर्न साथै वर्तमान अवस्थामा नेपालको शिक्षाको अवस्थाबारे बालबालिकालाई जानकारी गराउन विद्यालयमा नमूना युवा संसद कार्यक्रममा बालबालिकालाई सहभागी गराएको टोनी हाग्जन फाउण्डेसन नेपालका सचिव एंव पूर्व संसद फटिक थापाले बताए।

नमूना युवा संसदमा विद्यार्थी बालबालिकाहले निकै राम्रो प्रतिभा देखाएका छन, संसदको विधि, नियम, प्रक्रियाहरु पालना गरेका छन्, संविधानका धाराहरु समेत अध्यन गरेर कार्यक्रमलाई उत्कृष्ट बनाएको कार्यक्रम संयोजक कृष्णप्रसाद पाण्डेले बताए । नमूना युवा संसदमा सहभागी विद्यार्थीहरुलाई प्रमाणपत्रसहित विद्यालयले सम्मान गरेको छ।

कार्यक्रमले मिहेनत गरे सबै कुरा सम्भव छ र सफल हुन सकिन्छ भन्ने आत्मविश्वास विद्यार्थीहरुमा जागृत भएको कार्यक्रम संयोजक पाण्डेले बताए। विद्यालयले बालबालिकाहरुलाई किताबी ज्ञानसँगै व्यवहारिक अभ्यास गराउँदै गएमा शिक्षामा सिकाइ उपलब्धि प्रभावकारी हुने नमूना युवा संसद कार्यक्रमले सिकाएको छ । देववाणी संस्कृत तथा साधारण माविले सञ्चालन गरेको नमूना युवा संसद अभ्यासले बालबालिकालाई अझैं बढी मिहेनती, जिज्ञासु, अध्यनशिल, जिम्मेवारी बनाएको छ।

# विस्थापित सुकुम्वासीलाई होटेल व्यवसायी महासंघले आश्रय दिने



बुटवल । सरकारले थापाथली, मनोहरालगायतका स्थानबाट सुकुम्वासीहरुलाई हटाउन थालेसँगै होटल व्यवसायी महासंघ नेपालले अर्को व्यवस्था नहुँदा सम्म विस्थापित सुकुमवासीहरुलाई अस्थायी आश्रय दिने घोषणा गरेको छ । महासंघका अध्यक्ष टिआर भण्डारी (शंकर)ले एक प्रेस विज्ञप्ति जारी गर्दै काठमाडौंका थापाथली लगायतका बिभिन्न जोखिमयुक्त क्षेत्रबाट सरकारले उद्धार गरेका नागरिकहरूको सुरक्षित व्यवस्थापनका लागि सरकारसँग सहकार्य गर्न पूर्ण रूपमा तयार रहेको जानकारी दिएका हुन् ।

उनले महासंघ आफ्नो व्यवसायिक गतिविधि सँगै सामाजिक उत्तरदायित्व बहन कार्यमा प्रतिबद्ध रहेको उल्लेख गरेका छन् ।

महासंघअन्तर्गत काठमाडौं उपत्यकामा रहेका सदस्य संस्थाहरूमा आबद्ध होटलहरूमार्फत् आवश्यक समन्वय गरी तत्काल करिब १ हजार जनासम्म नागरिकहरूलाई अस्थायी रूपमा सुरक्षित आश्रयस्थल (बसोबास) उपलब्ध गराउन सकिने व्यवस्था मिलाउन महासंघ सक्षम रहेको अध्यक्ष भण्डारीले बताए ।

'उद्धार गरिएका व्यक्तिहरूको सम्मान, सुरक्षा र आधारभूत आवश्यकतालाई प्राथमिकतामा राख्दै व्यवस्थित रूपमा आवास उपलब्ध गराउने हाम्रो स्पष्ट प्रतिबद्धता रहेको छ ।'-उनले प्रेस नोटमा लेखेका छन् । आश्रय प्रदान गर्नका लागि सम्बन्धित सरकारी निकायहरूसँग आवश्यक समन्वय, व्यवस्थापन र सहकार्य गर्न महासंघ नेपाल तत्पर रहेको होटल व्यवसायी महासंघले जनाएको छ ।

# अनुसन्धान आर्टिकल लेखन कार्यशाला



बुटवल । लुम्बिनी सिटी कलेजमा बैशाख १२ गते शनिबारका दिन प्राध्यापक तथा कर्मचारीलाई लक्षित गर्दै अनुसन्धान आर्टिकल लेखन कार्यशाला भव्यतापूर्वक सम्पन्न भएको छ। कलेजको प्राङ्गणमा सञ्चालन गरिएको उक्त कार्यक्रममा कलेजका सम्पूर्ण प्राध्यापक तथा कर्मचारीको उत्साहजनक सहभागिता रहेको थियो । कार्यक्रम संयोजक विशाल कंडेल र सुजन ढकालको समन्वयमा सम्पन्न भएको हो ।

उक्त कार्यशालाको उद्घाटन लुम्बिनी सिटी कलेजका अध्यक्ष तथा क्याम्पस प्रमुख प्रा.डा.गणेशप्रसाद पाठकले गरेका हुन् । उनले शैक्षिक क्षेत्रमा अनुसन्धानको महत्वबारे प्रकाश पार्दै भने-"अनुसन्धानले ज्ञानको वृद्धि मात्रै होइन, समाजलाई सशक्त बनाउने कार्य गर्दछ।"

उक्त कार्यशालाको प्रमुख प्रशिक्षक त्रिभुवन विश्वविद्यालयका अंग्रेजी विभागका प्रा.डा.रामचन्द्र पौडेलले अनुसन्धान पद्धतिका व्यवहारिक पक्षबारे प्रभावशाली प्रस्तुतिकरण गरेका थिए। उनले अनुसन्धानलाई शिक्षणसँग जोडेर व्यवहारिक प्रयोगमा कसरी उतार्न सकिन्छ भन्ने विषयमा सहभागीलाई मार्गदर्शन गरे । अहिलेको प्रविधियुक्त अनुसन्धानात्मक प्रक्रियाहरुको व्यवहारिक पक्षहरुका बारेमा रोचक तथा प्रयोगात्मक सिकाइमा सबैको उत्साहजनक सहभागिता रहेको थियो ।

त्यसैगरी लुम्बिनी सिटी कलेजका उपाध्यक्ष तथा प्यारामाउण्ट मा.वी.का प्राचार्य प्रा.डा.दामोदर भुसालले धन्यवाद ज्ञापन गर्दै सहभागी सबैलाई अनुसन्धान लेखनमा निरन्तर सक्रिय रहन आग्रह गरे । उनले अनुसन्धानात्मक लेखनले कलेजको तथा प्राध्यापक आफ्नो शैक्षिक प्रतिष्ठा अझै धेरै बढाउने कुरामा जोड दिए।

कार्यक्रममा स.क्याम्पस प्रमुख नारायणप्रसाद भुसालले सञ्चालन गरेका थिए । उनले मन्तव्यमा अनुसन्धनात्मा लेखनले उच्च शिक्षाको क्षेत्रमा शैक्षिक गुणस्तरता बढाउन रीसर्च र डिभलोपमेन्टमा प्राध्यापक तथा कर्मचारी वर्गको सहभागिताले महत्वपूर्ण भूमिका निभाउने बताउँदै यस्ता कार्यक्रहरू निरन्तर गरिरहनकालागि लुम्बिनी सिटी कलेज सदैव तत्पर रहने जनाए।

कलेजमा बि.एस.सी. सी.एस.आइ.टी, बि.आइ.टी.एम. तथा बि.सि.ए. कार्यक्रमका अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई पनि यस्ता कार्यक्रमहरू गराइरहने जानकारी कलेज प्रशासनले बताएको छ। यस्ता अनुसन्धान लेख लेखन कार्यशालाले सहभागीलाई सिर्जनात्मक सौंच र विश्लेषणत्मक क्षमता बढाउने अवसर दिनुका साथै शैक्षिक जगतलाई नवीन दृष्टिकोण र गहिरो अध्ययनतर्फ प्रेरित गर्ने विश्वास दिलाएको छ।

# स्वतन्त्रता दानबाट आएको होइन, संघर्षबाट हो : डा. बिन्दा

बुटवल । प्रगतिशील लेखक सङ्घ (प्रलेस) नेपाल, रूपन्देहीको आयोजनामा बुटवलको न्यू होराइजन मा.वि.मा 'भूमिगत महिला' पुस्तकमाथि एक गहन परिचर्चा कार्यक्रम सम्पन्न भएको छ। मोतीदेवी स्मृति केन्द्रद्वारा प्रकाशित तथा डा. बिन्दा पाण्डेको संयोजकत्वमा तयार भएको सो ऐतिहासिक कृतिको विमर्शका क्रममा वक्ताहरूले यसलाई नेपाली राजनीति र इतिहासको त्यो अनुहार देखाउने 'ऐना' को रूपमा व्याख्या गरे, जुन निकै गौरवशाली भएर पनि लामो समयसम्म ओझेलमा पारिएको थियो।

कार्यक्रममा पुस्तक लेखन संयोजक एवम् मुख्य वक्ता डा. बिन्दा पाण्डेले नेपाली क्रान्तिमा महिलाहरूको भूमिकालाई इतिहासले सधैँ किनारामा पारेको बताइन्। पाण्डेले भनिन् -'आज हामी जुन स्वतन्त्रताका कुरा गरिरहेका छौँ, यो कसैले दानमा दिएको उपहार होइन । यो त तिनै भूमिगत महिलाहरूको संघर्ष, रगत, पसिना र आफ्ना सन्तानको ममतासँग गरिएको साटोफेरो हो ।' डा. पाण्डेको संयोजकत्वमा सङ्गहित २८ जना महिला योद्धाहरूको यो वृत्तान्तले महिलाहरू समाजले बनाएका 'दोस्रो दर्जाका नागरिक' नभएर इतिहास निर्माण गर्ने 'प्रथम श्रेणीका क्रान्तिकारी' हुन् भन्ने तथ्यलाई प्रमाणित गरेको उनको धारणा थियो।

परिचर्चाका क्रममा अन्य वक्ताहरू दलबहादुर गुरुङ, ज्ञानु के.सी., सुमन पन्थी र नवराज पाण्डेले नेपालको भूमिगत राजनीतिमा महिलाहरूले पुऱ्याएको योगदान र पुस्तकले समेटेका मार्मिक पक्षहरूमाथि प्रकाश पारे । वक्ताहरूले नेपाली भूमिगत आन्दोलनको कथा अन्य सङ्घर्षभन्दा यसकारण कठोर र विशिष्ट रहेको बताए। जहाँ महिलाहरूले राज्यसत्ताको दमनसँगै आफ्नै 'ममता' सँग पनि ठूलो लडाइ लड्नुपरेको थियो। आठ वर्षमा बिहेदेखि तेह्र वर्षमा विधवा भनेर आफ्नो जीवन भूमिगत आन्दोलनमा समर्पण गरेकि शान्ता मानवी हुँदै काठमाडौँको सम्भ्रान्त सुख-सुविधा त्यागेर सन्तानलाई अञ्जान व्यक्तिको जिम्मामा छाडी आन्दोलनको कठिन बाटो रोज्ने अष्टलक्ष्मी शाक्यको सङ्घर्ष होस् वा श्रीमानको बीभत्स हत्या हुँदा पनि विचलित नभई काखको बच्चा च्यापेर क्रान्तिको झण्डा नछाड्ने गोमा देवकोटाको अदम्य साहस-यी सबै नेपाली राजनीतिक इतिहासका दुर्लभ र प्रेरणादायी उदाहरण भएको चर्चा गरियो।

त्यस्तै, लिला कट्टेल र सुशीला श्रेष्ठजस्ता योद्धाहरूले पञ्चायती अन्धकारमा सङ्गठनको राँको बाल्न रातोरात हिँडेका ती पदचापले नै वास्तवमा आजको गणतन्त्रको जग खनेको विश्लेषण वक्ताहरूले गरे । कार्यक्रमले भविष्यको मार्गीचित्र कोर्दै अबको राजनीति 'पहुँच र गुट' को नभई 'विचार र निष्ठा' को हुनुपर्ने सन्देश दिएको छ। हिजोका ती 'भूईंमान्छे' र भूमिगत सेलका योद्धाहरूलाई आजको सत्ता र शक्तिले बिर्सन नहुने र उनीहरूको योगदानलाई विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा समावेश गरिनुपर्ने आवश्यकतामा जोड दिइयो।

कार्यक्रममा बोल्दै प्रलेस, लुम्बिनी प्रदेशका अध्यक्ष डा.मुरारि पराजुलीले साहित्यिक कृतिहरूले समाज रूपान्तरणमा खेल्ने भूमिकाबारे प्रकाश पारे । उनले यस्ता ऐतिहासिक दस्ताबेजहरूले भावी पुस्तालाई वैचारिक स्पष्टता दिने बताए । त्यस्तै, बुटवल उपमहानगरपालिकाकी निवर्तमान उपप्रमुख गोमादेवी आचार्यले भूमिगत आन्दोलनका कठिन दिनहरूको स्मरण गर्दै पुस्तकले महिलाहरूको त्यागलाई न्याय गरेको धारणा राखिन्। सिद्धार्थनगर नगरपालिकाकी उपप्रमुख उमा अधिकारीले स्थानीय तहसम्म यस्ता क्रान्तिकारी इतिहासको चर्चा हुनुपर्नेमा जोड दिइन् । परिचर्चाका क्रममा तिलक लामिछाने, माधव नेपाल र इन्दिरा अर्यालले पुस्तकबारे बोल्दै पुस्तकका विविध आयाममाथि टिप्पणी गर्दै इतिहासको न्यायका लागि यो पुस्तक कोशेढुङ्गा सावित हुने बताए।

कार्यक्रमको समापन गर्दै अध्यक्ष कृष्ण घिमिरे 'गाउँले' ले भने- 'यो पुस्तक विगतको सम्झना मात्र होइन, वर्तमानको भ्रष्टीकरणविरुद्ध एउटा वैचारिक हस्तक्षेप पनि हो । हिजो सङ्घर्ष गर्ने ती योद्धाहरूको निष्ठाबाट आजको राजनीतिले सिक्न जरुरी छ। यदि हामीले उनीहरूको सङ्घर्षलाई दस्ताबेजका रूपमा जोगाउन सकेनौँ भने आउने पुस्ताले आफ्नो वास्तविक धरातल बिर्सनेछ ।' गाउँलेले प्रलेसले आगामी दिनमा पनि यस्ता वैचारिक र ऐतिहासिक महत्त्वका विषयमाथि बहस जारी राख्ने प्रतिबद्धता जनाए।

प्रलेस रूपन्देहीका सचिव यज्ञलाल सुवेदीको सञ्चालनमा सम्पन्न कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठ, स्वास्तिक श्रेष्ठ, अविरल आत्रेय, थम गुरुङ, सुवास रिजाल, बेनप्रसाद थापा, माधव गौतम, सरु ज्ञवाली, शंकर आचार्य, हुमराज भुसाल, मुकुन्दराज पोखरेल, कृष्णप्रसाद कोइराला, रोशन नेपाल, किशोर गैरे, शंकर भण्डारी, गणेश घिमिरे, ओमप्रसाद ओझा, शारदा पाण्डे, धनु श्रेष्ठ, गीतारानी बलाल थापा, दुर्गा थापा मगर, सीता न्यौपाने उपाध्याय, जमुना गिरी, दीपक विश्वकर्मा, कविराज पौडेल, शान्ति गैरे, देवी वाग्ले, कमला घिमिरे, सुनिता रानालगायत लेखक तथा सामाजिक अभियन्ताहरूको उपस्थिति रहेको थियो । सहभागीहरूले हिजोका योद्धाहरूले उमारेको परिवर्तनको पीपललाई जोगाउने र सामाजिक न्यायको फल फलाउने जिम्मेवारी अब नयाँ पुस्ताको काँधमा आएको निष्कर्ष निकालेका थिए।

# बञ्जाडे समाज कपिलवस्तुको अध्यक्षमा शालिकराम

कपिलवस्तु । बञ्जाडे समाज कपिलवस्तुको प्रथम साधारणसभा तथा अधिवेशन शनिबार बुद्धभूमि नगरपालिकास्थित गोरुसिङ्गेमा सम्पन्न भएको छ । अधिवेशनले आगामी तीन वर्षका लागि शालिकराम बन्जाडेको अध्यक्षतामा १५ सदस्यीय बन्जाडे समाज कपिलवस्तु गठन गरेको छ ।

जसको उपाध्यक्षमा शिव बन्जाडे, सचिव दिनेश बन्जाडे, कोषाध्यक्ष भबि बन्जाडे र सदस्यहरूमा पदमलाल बन्जाडे, विनबहादुर बन्जाडे, शंकर बन्जाडे, रघुनाथ बन्जाडे, विष्णुप्रसाद बन्जाडे, निर्मला बन्जाडे, गोपाल बन्जाडे, गोविन्द बन्जाडेलगायत रहेका छन् ।

त्यसैगरी सल्लाहकार समितिमा रुद्रलाल बन्जाडे संयोजक, सदस्यहरूमा गौरीप्रसाद बन्जाडे, नन्दलाल बन्जाडे, जालन्धर बन्जाडे, प्रेस सल्लाहकार विकास बन्जाडे, कानुनी सल्लाहकार कृष्ण बन्जाडे रहेका छन् ।

यस्तै गरी केन्द्रीय समिति चयनका लागि रुद्रलाल बन्जाडे, विनबहादुर बन्जाडे, शालिकराम बन्जाडे, शिव बन्जाडे, दिनेश बन्जाडे लाई पठाउने निर्णय सर्वसम्मत रुपमा गरेको छ ।




हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com